मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

संविधान दिवस, २०८०
भव्य रुपमा मनाऔं ।
संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं । घर तथा कार्यालयमा दीपावली गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

### मकवानपुरको सामुदायिक विद्यालय बन्द

## प्रस्तावित शिक्षा विधेयकको विरुद्ध शिक्षक आन्दोलनमा

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ सरकारले हालै सदनमा पेश गरेको शिक्षा विधेयकविरुद्ध प्रदर्शन गर्न मकवानपुरका सामुदायिक विद्यालयका शिक्षकहरु केन्द्रीय राजधानी काठमाडौं गएका छन् ।

सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै नेपाल शिक्षक महासंघ मकवानपुरले असोज ३ गतेदेखि अनिश्चितकालीन विद्यालयहरु बन्द गरेर विधेयक विरुद्ध प्रदर्शन गर्न काठमाडौं जान लागेको जानकारी दिएको थियो । मंगलबार रातिसम्म देशभरिका शिक्षक काठमाडौं पुगेका छन् । केही शिक्षक रात्रि बसमा काठमाडौं आउने तयारी भएको महासंघले जनाएको छ ।




शिक्षक महासंघ मकवानपुरका अध्यक्ष जिधराज ढकालले महासंघ असोज ३ गते देशका ७७ वटै जिल्लाका विद्यालय बन्द गरी काठमाडौंमा सडक आन्दोलनको तयारीमा रहेको बताएका थिए । ढकालले जिल्लाको १० वटै स्थानीय तहका प्रमुख, वडा, विद्यालय व्यवस्थापन समितिहरुलाई विद्यालय बन्द गराएर शिक्षक आन्दोलनमा उत्रिने कार्यक्रमका बारेमा जानकारी गराइसकेको बताए । सरकारले शिक्षा विधेयक शिक्षकको हितमा नभएको र विधेयक पुनर्लेखन गर्न जरुरी रहेको बताउँदै सरकारले सार्वजानिक शिक्षा व्यवस्थित नगरी व्यापारीकरण गर्न खोजेको टिप्पणी ढकालले गरे ।

महासंघले विधेयकमा सुधार गर्नुपर्ने बुँदाहरुको बारेमा सरकारलाई लिखित जानकारी गर ाएको तर, कुनै सुनुवाइ नभएपछि सडक आन्दोलनमा जानुपरेको शिक्षकहरुको भनाइ छ । महासंघको अगुवाइमा स्थानीय, जिल्ला, प्रदेश र केन्द्रसम्म पहिलो चरणको आन्दोलन गरिसकेको र अब असोज ३ गतेदेखि विद्यालय नै बन्द गरेर सडक आन्दोलन गर्न लागिएको ढकालले बताए ।

सरकारले अहिले सदनमा पेश गरेको शिक्षा ऐनमा १७ वटा बुँदा परिवर्तन गर्नुपर्ने महासंघको माग रहेको छ । पत्रकार सम्मेलनमा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहाल, नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाईं, नेपाल शिक्षक महासंघ केन्द्रीय सदस्य रामकुमार अधिकारीलगायत विभिन्न शिक्षक संघ संगठनमा आवद्ध शिक्षकहरुको सहभागिता रहेको थियो ।

महासंघले जारी गरेको विज्ञप्तिमा द्वन्द्वपीडित तथा शैक्षिक आन्दोलनमा लागेर आफ्नो जीवन बिताएका शिक्षक नेताको त्यो अवधिको सेवा नजोडिनाले तिनले नियमानुसार पाउनुपर्ने उपदान वा पेन्सन नपाएको, राजनैतिक आग्रह, पारिवारिक तथा समाजिक द्वन्द्व र विभेदलगायत कारण स्थानीय तहका निर्वाचित पदाधिकारीको कोपभाजनमा प्रधानाध्यापक तथा शिक्षक स्थानीय तहले संविधानको अनुसूची-८ मा व्यवस्थित अधिकारको दुरुपयो गरी कठपुतली विद्यालय व्यवस्थापन समिति बनाएकोले विद्यालय तहको शिक्षालाई संविधानको अनुसूची-९ मा ल्याउनुपर्ने माग राखेका छन् ।

शिक्षक स्थायित्वको विषयमा दुई दशकदेखि विद्यालयमा कार्यरत राहत र साविक उमावि शिक्षकलाई अस्थायी शिक्षकको जस्तै आन्तरिक/खुला विधिबाट शिक्षक सेवा आयोगमार्फत स्थायी गर्नुपर्ने, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रबन्ध हुनुपर्ने अथवा सबै दरबन्दीलाई स्वीकृत दरबन्दीमा परिणत गरी सामान्य प्रक्रियाद्वारा शिक्षक सेवामार्फत स्थायी गरिनुपर्ने, पारिश्रामिकको विषयमा प्रारम्भिक बालविकासमा काम गर्ने शिक्षक तथा विद्यालय कर्मचारीको दरबन्दी तथा उचित तलवको व्यवस्था, बालविकासलाई ऐनमार्फत विद्यालय संरचनाभित्र ल्याइनुपर्ने, अस्थायी अवधिक गणना तथा निवृत्तीभरणको विषयमा लामो समय अस्थायी काम गरेकालाई पनि अवधि गणना गरेर पेन्सनको व्यवस्था गरिनुपर्ने लगायतका माग राखेका छन् ।

प्रस्ताबित विधेयकको विरोधमा सामुदायिक विद्यालयका शिक्षकहरु आन्दोलनमा उत्रिएका हुन् । विधेयकमा प्रस्तावित शिक्षक नियुक्ति, सरुवा तथा बढुवाको अधिकार स्थानीय तहलाई दिने र ट्रेड युनियन अधिकारमा बन्देज लगाउनेलगायत व्यवस्थाप्रति उनीहरुको आपत्ति छ । स्थानीय तहले भने आन्दोलनको नाममा पठनपाठन प्रभावित नपार्न शिक्षकहरुलाई चेतावनी दिएका छन् ।

सामुदायिक विद्यालयमा अस्थायी, राहत, करार, लियन, निजीश्रोत, ईसीडीलगायत तीन लाख २५ हजार शिक्षक कार्यरत छन् । पढाउन छाडेर राजनीति गर्ने गरेको आरोप सरकारी शिक्षकलाई लाग्दै आएको छ । संघीय शिक्षा विधेयकले ट्रेडयुनियन अधिकारमा बन्देज लगाउने प्रस्ताव गरेपछि शिक्षकहरु आन्दोलनमा उत्रिएका हुन् । नियुक्ति, सरुवा, बढुवा तथा कारबाहीसम्मको अधिकार स्थानीय तहलाई दिने प्रावधानप्रति शिक्षकहरुको आपत्ति छ । विधेयकको विरोधमा शिक्षकले बुधबार देशैभरका शिक्षक काठमाडौंमा भेला भएर वार कि पारको आन्दोलनमा होमिएका हुन् ।

शिक्षक तथा विद्यालय कर्मचारीको पेसाको सुनिश्चितता विधेयकमा नगरिएको भन्दै शिक्षक रुष्ट बनेका छन् । शिक्षकहरु पठनपाठन नै बन्द गरी आन्दोलनमा उत्रिएपछि बालबालिकाको पढाइ प्रभावित हुने सम्भावना देखिएको छ । आन्दोलनको नाममा विद्यार्थीको पढ्न पाउने अधिकार वञ्चित नगर्न स्थानीय तहहरुले शिक्षकलाई सचेत गराएका छन् ।

सरकारले २०२८ सालको शिक्षा ऐनलाई विस्थापित गरी ५२ वर्षपछि नयाँ ऐन ल्याउन लागेको हो । ऐनमार्फत विद्यालय शिक्षाको सुधार र शिक्षक कर्मचारी लगायत माग केही हदसम्म भए पनि सम्बोधनको प्रयास गरिएको शिक्षा मन्त्रालयको भनाइ छ । संविधान जारी भएको दुई वर्षभित्र संघीय शिक्षा ऐन ल्याउनुपर्ने कानुनी व्यवस्था भए पनि सरकारले ढिलागरी विधेयक अगाडि बढाएको हो ।

## नेपाल पत्रकार महासंघबिरुद्ध सर्बोच्चमा रिट

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ नेपाल पत्रकार महासंघको सदस्यता शुद्दिकरण अभियानबिरुद्द सर्बोच्चमा रिट दर्ता भएको छ । रिट निवेदक अधिवक्तासमेत रहेका महासंघ मकवानपुरका साधारण सदस्य ध्रुवप्रसाद चौलागाईं हुन् । नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमिति, बागमती प्रदेश समिति र मकवानपुर शाखालाई विपक्षी बनाएर अधिवक्ता एबम् महासंघका सदस्य चौलागाईले रिट दर्ता गरेका हुन् ।

चौलागाईले लामो समयदेखि मकवानपुरको पत्रकारितामा योगदान गरेका छन् । नेपाल पत्रकार महासंघ मकवानपुरको हालको भवन निर्माण गर्नुपूर्व महासंघलाई जग्गा उपलब्ध गराउने कार्यमा चौलागाईको महत्वपूर्ण योगदान रहेको छ । दुई दसकअघि हेटौंडाबाट प्रकाशन हुने बलिदान साप्ताहिकका प्रकाशक सम्पादक रहेका पत्रकार चौलागाई पछिल्लो समय पत्रकारितामा भन्दा न्याय क्षेत्रमा क्रियाशील छन् ।

चौंलागाईले हालेको रि टमा सर्वोच्चका न्यायाधीश कुमार चुँडालले कारण देखाउ आदेश जारी गर्दै रिट निवेदन उपर अन्तरिम आदेश छलफलको लागि बोलाइएको छ । रिट निवेदकको तर्फबाट बरि ष्ठ अधिवक्ताहरु केदार दाहाल , नार ायाणप्रसाद देबकोटा, अधिवक्ता आषिश उप्रेती, सम्बल चौलागाई, रौनक अर्याल र अधिवक्ता चौंलागाईले बहस गरेका थिए । छलफलको मिति भने बिहीबार मात्र थाहा हुने बताइएको छ ।

## गणेशमानको २६ औं स्मृतिदिवस

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ प्रजातन्त्र पुन:स्थापनाका लागि भएको वि.सं २०४६ को जनआन्दोलनका सर्वोच्च कमान्डर गणेशमान सिंहको २६ औं स्मृतिदिवस मंगलबार हेटौंडामा श्रद्धान्जली तथा अन्तर क्रिया कार्यक्रम भएको छ । ।

नेपाली राजनीतिमा त्याग र साहसको उच्च उदाहरणका रुपमा रहेका सिंह सबैको निष्ठाको केन्द्र बन्न सफल भएका थिए । वि.सं २०४६ को जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गरेको आग्रहमा उनले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्चनमूना प्रस्तुत गरेका थिए ।

उनै सिंहको २६ औं स्मृतिदिवसमा नेपाली कांग्रेस मकवानपुरले अन्तरक्रिया गरेको हो । जिल्ला सभापति बुद्ध लामाको उपस्थितिमा श्रद्धान्जली तथा अन्तर क्रिया गरिएको थियो । अन्तरक्रियामा गणेशमान सिंहको राजनीतिक यात्रा र प्रजातन्त्रमा गरिएको योगदानको चर्चा गरिएको थियो । कार्यक्रममा पार्टीका जिल्ला तहका नेता, कार्यकर्ता तथा शुभेच्छुक एंव शुभचिन्तनहरुको उपस्थिति रहेको थियो ।

विसं १९७२ कात्तिक २४ गते काठमाडौंको क्षेत्रपाटीस्थित चाक्सीबारीमा जन्मेका नेता सिंहको निधन २०५४ साल असोज २ गते भएको हो । काठमाडौंको खानदानी परिवारमा जन्मेका गणेशमान सिंहले १९९७ सालमा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी नेपाल प्रजा परिषद्को सदस्य भई राणा शासनविरुद्धको अभियानमा आफूलाई सक्रिय बनाएका थिए ।

राणाशासन अन्त्य गर्ने अभियानमा लागेपछि उनीलगायतलाई तत्कालीन सरकारले जेल हाल्यो । वि.सं २००७ अघि नै भद्रगोल जेल फोरेर भाग्न सफल भएका तन्नेरी गणेशमान प्रवास जानुअघि नै तत्कालीन राणा हटाऊ आन्दोलनमा सक्रिय भएका थिए । जेलबाट भागेर भारतमा पुगी अर्का नेता बिपी कोइरालासँग राजनीतिक सम्बन्ध विकसित गरे । केही सहयोगीका साथ २००३ सालमा स्थापित नेपाली राष्ट्रिय कांग्रेसलाई आजीवन जुझारु नेतृत्व दिन पनि गणेशमानको उल्लेखनीय भूमिका छ ।

प्रजातन्त्र स्थापनाका लागि भएको २००७ सालको क्रान्तिका एक अगुवाका रुपमा उनले वीरगञ्ज मोर्चामा सशस्त्र संघर्ष गरे । देशमा प्रजातन्त्र बहाली र पुनर्बहालीका लागि समर्पित सिंह सैद्धान्तिक हिसाबले बिपीका अनुयायी र सबैभन्दा ठूला समर्थकका रुपमा रहे । नेपाली कांग्रेसलाई लोकप्रिय बनाउन सदा क्रियाशील भए । वि.सं २०१५ मा पहिलो निर्वाचन भएपछि बनेको सरकारमा वरिष्ठ मन्त्री भएका गणेशमानले २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि आठ वर्ष निरन्तर सुरुमा सिंहदरबार र त्यसपछि सुन्दरीजल बन्दीगृहमा कारावास जीवन बिताए ।


वि.सं २०२५ मा बिपीसँगै सुन्दरीजल बन्दी गृहबाट रिहा भएपछि प्रवासमा राजनीतिक संगठन विस्तार गरे । विसं २०३३ मा बिपीसँगै राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केर तत्कालीन पञ्चायती व्यवस्था विरुद्ध सक्रिय रहे । तत्कालीन पञ्चायती सरकारले बिपीसँगै मृत्युदण्डको माग गरिएका आठवटा मुद्दामा विशेष अदालतबाट सफाइ पाए । गणेशमानले २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रहमा उत्तिकै नेतृत्वदायी भूमिका निर्वाह गरे। बिपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताकारुपमा गणेशमानले २०४२ सालको सत्याग्रह आन्दोलनको नेतृत्व गरेका थिए । विसं १९९७ देखि अनवरत राजनीतिमा समर्पित कडा स्वभाव र जुझारु व्यक्तित्वका सर्वप्रिय नेता गणेशमानको महत्वपूर्ण योगदान २०४६ सालमा रहृयो ।

जनआन्दोलनका लागि कम्युनिष्टसँग मिलेर पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गर्ने गणेशमान सिंह २०४६ को आन्दोलनका सर्वोच्च कमान्डर भई सबैको प्रिय बनेका हुन् । नेता सिंहको २६ औं स्मृतिदिवसका अवसरमा कांग्रेसका भ्रातृ एवं शुभेच्छुक संस्थाले देशभर विविध कार्यक्रम आयोजना गरेका छन् ।

## शिक्षा दिवसको अवसरमा विद्यालय पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसको अवसरमा बागमती प्रदेशभरिका उत्कृष्ट रहेका सामुदायिक तथा संस्थागत विद्यालयलाई पुरस्कृत गरेको छ ।



मन्त्रालयले २०७९ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० मा कम्तीमा ३५ जना परीक्षार्थी सहभागी गराएको विद्यालयलाई उत्कृष्टताका आधारमा छनोट गरेर पुरस्कृत गरेको हो । प्रदेशभरीका सामुदायिक विद्यालयमध्यमा सबै भन्दा उत्कृष्ट स्थानमा भक्तपुरको मेधा माध्यमिक विद्यालय भएको छ । त्यसैगरी नुवाकोटको पृथ्वी माध्यमिक विद्यालय द्बितीय भएको छ ।


यसैगरी काठमाडौंको श्रम राष्ट्रिय माध्यमिक विद्यालय तृतीय भएको छ । चौथोमा काठमाडौंकै पृथ्वीनारायण माध्यमिक विद्यालय भएको छ । पाँचौमा काठमाडौंकै बलम्बु माध्यमिक विद्यालय भएको छ । उनीहरु सबैलाई शिक्षा दिवसका अवसरमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टे र सामाजिक विकास मन्त्री कुमारी मोक्तानले नगद पुरस्कार, प्रमाणपत्र समेत दिएर पुरस्कृत गरे ।

संस्थागत विद्यालयतर्फ काठमाडौंको बुढानीलकण्ठ नगर पालिकाको रिलायन्स इन्टरनेसनल एकेडेमी, प्रथम भएको छ । द्बितीयमा काठमाडौं बालुवाटारको हिज किड्स इन्टरनेस्नल स्कुल रहेको छ । तृतीयमा काठमाडौं टोखा नगरपालिकाको लोरेसेन्ट माध्यमिक विद्यालय रहेको छ । तीनैवटा संस्थागत विद्यालयलाई नगद सहित पुरस्कृत गरिएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री जम्मकट्टेलले कृषि, स्वास्थ्य र प्राबिधिक शिक्षा विद्यालयमा पढाउनुपर्ने बताएका छन् । कार्यक्रमको उद्घाटन गर्दै उनले प्रदेश सरकारले विद्यालयको क्षेत्रमा राम्रो काम गरेको दावी गरे । शिक्षामा अरु समस्या भन्दा पनि त्रुटी पाठ्यक्रममा रहेको बताए । अबको शिक्षा कृषि क्षेत्रमा केन्द्रित गर्नुपर्ने उनको सुझाब छ । स्वास्थ्य क्षेत्रमा नर्स र डाक्टर पढ्नका लागि धेरै शुल्क लिने गरेकोमा आपत्ति जनाउँदै उनले भने-'अब नर्स र डाक्टर पढाउनका लागि चाहिने शुल्क प्रदेश सरकारले तोक्छ र त्यसलाई सबैले पालना गर्नुपर्छ ।'

बागमती प्रदेशका सामाजिक विकास मन्त्री मोक्तानले शिक्षामा सुधार गरेमात्र अन्य क्षेत्रमा सुधार हुने बताइन् । शिक्षा दिवसको कार्यक्रममा अध्यक्षता गर्दै मन्त्री मोक्तानले शिक्षामा सुधार गरेमा सबै क्षेत्र सुदृढ हुँदै जाने बताइन् । उनले समाज सुधार गर्नका लागि पहिलो व्यक्ति शिक्षक भएकाले शिक्षकले राम्रो शिक्षा दिन जरुरी रहेको बताइन् । अब प्रदेश सरकारले माध्यमिक विद्यालयस्तरको शिक्षा सुधार गर्नका लागि लगानी गरिरहेको बताइन् ।

## सप्तऋषिको पूजा गर्दै बिदाइ गरियो तीज



साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ भाद्र शुक्लपञ्चमीका दिन मनाइने ऋषिपञ्चमी पर्व, नेपाली नारीहरुले अरुन्धतीसहित सप्तऋषिको पूजा आराधना गरी मनाएका छन् । यो दिनको पूजाआजापछि तीज समाप्त भएको छ ।

महिलाले यसदिन बिहानै उठेर साग, तलाउ, खोला, धारामा स्नान गरी हरितालिका अर्थात तीजको व्रत समापनका लागि गौदान, पूर्णपात्रोलगायत धार्मिक कार्य गर्ने गरेका छन् । नजिकको नदी, खोला, तालतलैया र पोखरीमा गएर ३ सय ६५ वटा दतिवनले दाँत माझ्ने र स्नान गर्ने चलन छ । स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने गरिन्छ । यसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ ।

सप्तऋषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ऋषिपञ्चमी भन्ने गरिएको हो । हेटौंडाको पशुपतिनाथ मन्दिरमा श्रद्धालुहरुको भीड लागेको थियो । काठमाडौको टेकु, मूलपानीलगायत देशभरका ऋषेश्वर मन्दिरमा पूजाआजाका लागि श्रद्धालु महिला भक्तजनको भीड लाग्ने गर्दछ । हरितालिका अर्थात तीजको व्रत एवं पूजाआजा महिला र पुरुष दुवैले गर्ने शास्त्रीय मान्यता रहे पनि ऋषिपञ्चमीमा भने महिलाले मात्रै पूजाआजा गर्नुपर्ने भन्ने रहेको छ ।

रजस्वलाका समयमा छाईछुईलगायत कुनै त्रुटि भएको भए ऋषिपञ्चमीको दिन अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ । यसैकारण आजको दिन दतिउन, गाईको गोबर, तुलसीमठको माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछुतको दोष निवारण हुन्छ भन्ने शास्त्रीय मान्यता छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विश्वविद्यालयको आवश्यकता

मकवानपुरकै पुरानो सामुदायिक शिक्षण संस्था मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउनेतर्फ सरोकारवालाहरु छलफलमा जुटेका छन् । क्याम्पसलाई विश्वविद्यालयको रुपमा स्थापित गर्ने प्रयास भएको सन्दर्भमा मकवानपुर बबहुमुखी क्याम्पसलाई प्रदेश विश्वविद्यालय या सार्वजनिक विश्वविद्यालय बनाउने कामलाई अघि बढाउने थालिएको हो । यसअघि बागमती प्रदेशको तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा प्रदेशको राजधानी हेटौंडामा रहेको सामुदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा अघि बढाउनको लागि पाँच सदस्यीय समिति निर्माण गरिएको थियो । क्याम्पसका पूर्वअध्यक्ष समेत रहेको पौडेलेको समितिमा क्याम्पसका पूर्वअध्यक्षहरु माइकल रामचन्द अर्याल, प्रल्हाद लामिछाने, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान रहेको समिति निर्माण भएको हो । समितिको सदस्यसचिवमा क्याम्पसका साहायक क्याम्पसप्रमुख डा. यम सिलवाल छन् ।

हेटौंडामा भएको क्याम्पस सञ्चालक समिति तथा सरोकार वालाको बैठकले प्रदेशको राजधानी हेटौंडामा विश्वविद्यालयको आवश्यक्ता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्वविद्यालयको रुपमा अघि बढाउने गरी काम गर्न समिति निर्माण गरिएको थियो । सरोकारवाला निकायबीच क्याम्पसलाई विश्वविद्यालयको रुपमा अघि बढाउने विषयमा छलफल सुरु भएको हो । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले मकवानपुरकै ईतिहास हुने गरी मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा बिस्तार गरिने बताएका छन् । मुख्यमन्त्री जम्कट्टेलले मकवानपुरका सबै राजनीतिक दलको मेहेनतले यो क्याम्पस निर्माण गरेको र व्यवस्था परिवर्तन भएसँगै अहिले बागमती प्रदेशको राजधानी हेटौंडा भएपछि प्रदेशस्तरको विश्वविद्यालयको जरुरी रहेको बताए । क्याम्पसलाई प्रदेशकै सार्वजनिक विश्वविद्यालय अथवा प्रदेशकै केन्द्रीय क्याम्पस बनाउने ठाउँमा अहिले आफूहरु नै भएकोले सहज हुने छलफलमा सहभागी मुख्यमन्त्री जम्कट्टलले बताएका छन् । अहिले नेपालमा चलिरहेका विश्वविद्यालय जस्तै गरी मकवानपुरमा संचालन हुन लागेको विश्वविद्यालय चल्न भने कम चुनौती छैन ।

पहिलो चुनौती भनेकै विद्यालय तहको अध्ययन सकिने बित्तिकै विद्यार्थी बिदेशिने क्रम बढ्दो छ । दोस्रो चुनौती आर्थिक रुपमा हामी कति सक्षम छौं ? भन्ने कुरा हो । तेस्रो चनौती भनेको नबीनतम बिषय समाबेश गर्ने कुरा । यसका लागि चाहिने भौतिक पूर्वाधारदेखि दक्ष जनशक्ति ब्यवस्थापन गर्न सजिलो छैन । नेताले चुनावको मुखमा जनताको आँखामा छारो हाल्न गरेको भाषण जस्तो सहज हुँदैन विश्वविद्यालय संचालन गर्न । भबिश्यमा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थी अभाव भएपछि विद्यार्थीसँग पैसा लिएर होइन कि उनीहरुलाई पैसा दिएर कलेजमा भर्ना गर्नुपर्ने हुन्छ । यस्तो दिन नआउला भन्न सकिन्न । नेपालको विश्वविद्यालयमा प्राध्यापन गर्ने ब्यक्तिको भन्दा कतारमा श्रम गर्ने गएका सामान्य साक्षर ब्यक्तिको आर्थिक र सामाजिक हैसियत माथि हुने अवस्था अहिले नै अनुभूत गर्न सकिन्छ । अहिले सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी १२ सम्म अध्ययन गरेपछि खाडी जाने र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थी १२ पास गरेपछि अष्ट्रेलिया, युरोप, अमेरिका, क्यानडा जाने लाइनमा भेटिन्छन् । नेपालमा हाल संचालनमा रहेका विश्वविद्यालयको हबिगत पनि देखिएकै छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज ४ गते बिहीबार २१ सेप्टेम्बर २०२३ । षष्ठी, भाद्र शुक्लपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ६:०० । विश्व शान्ति दिवस । सूर्य षष्ठी व्रत विश्व अल्जाइमर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : गलत विचार बढ्ने | **तुला** | : कार्यान्तरण हुन सक्ने |
| **वृष** | : काममा अबरोध आउने | **वृश्चिक** | : शुभ समाचार सुन्न पाइने |
| **मिथुन** | : अधुरा काम पूरा हुने | **धनु** | : अनावश्यक खर्च बढ्ने |
| **कर्कट** | : घरेलु समस्याले सताउने | **मकर** | : भोजको अवसर मिल्ने |
| **सिंह** | : कुरा काट्नेहरु सक्रिय हुने | **कुम्भ** | : स्वास्थ्य बिग्रन सक्ने |
| **कन्या** | : नयाँ काम हात पर्ने | **मीन** | : रमाइलोगरि समय बित्ने |

# नेपालमा मेडिकल शिक्षा अपराधीकरणमा प्रवेश गर्‍यो



डा. श्रीकृष्ण गिरी

**चिकित्सा शिक्षामा भएका उपलब्धि**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले गरेको व्यवस्था अनुसार चिकित्सा शिक्षाको विकास तथा विस्तार, चिकित्सा शिक्षामा राज्यको लगानी प्रवर्द्धन, चिकित्सा शिक्षाको गुणस्तरीयता सुनिश्चित र चिकित्सा शिक्षामा सर्वसुलभता कायम गरी पेशाको विकास गर्न चिकित्सा शिक्षा आयोगको गठन भएको हो । आयोगले मुख्यतया चिकित्सा शिक्षामा पहुँच वृद्धि, गुणस्तर, सुधार र नियमनको क्षेत्रमा कार्य गर्दै आएको छ ।

२०४६ सालको जनआन्दोलनपछि र ाज्यले खुला अर्थनीति अपनाएसँगै शिक्षा क्षेत्रमा धेरै विद्यालय, कलेजसँगै चिकित्सा शिक्षामा शिक्षण संस्था खुले । जसले गर्दा अस्पताल स्थापना र बेडको संख्या पनि वृद्धि भयो ।

निजी क्षेत्रबाट खुलेका संस्थाको गुणस्तर, शुल्क विषयका प्रश्न टड्कारो भएर आए । चिकित्सा शिक्षा क्षेत्रमा शिक्षण संस्था सरकारले खोल्दै जानुपर्छ र शिक्षण संस्था खोल्दा अहिलेसम्म नखुलेका ठाउँमा प्राथमिकताको साथ लगानीको अभिवृद्धि गर्दै समेट्नुपर्छ भन्ने सोचले एकीकृत रूपमा नियमन गर्ने संस्थाको आवश्यकता भयो । मेडिकल कलेजले जथाभावी शुल्क असुल्ने गुनासा थिए । त्यसैगरी, मेरिट र सिट निर्धारण, वैदेशिक अध्ययनका कुराहरू पनि जोडिएका थिए । बाहिरबाट फर्किएर आएपछि नेपाल मेडिकल काउन्सिलको लाइसेन्स परीक्षा पनि पास गर्न नसक्ने समस्या थिए ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले सार्वजनिक शिक्षण संस्थामा ७५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था लागू भयो । त्यसक्रममा शुल्क निर्धारण गर्ने काम पनि भयो । २०७६ सालपछि त आयोग स्थापना भएर शुल्क निर्धारणै भयो । हालको दिनसम्म आइपुग्दा करिब-करिब शुल्कको सन्दर्भमा समस्याको समाधान भइसकेको छ ।

नेपाल सरकारबाट सार्वजनिक शिक्षण संस्थाहरूमा अध्ययनरत विद्यार्थीका लागि स्नातक तहमा ७५ प्रतिशत छात्रवृत्ति अनुदानको व्यवस्था छ । ७५ प्रतिशतलाई १०० प्रतिशत नै मानेर ४५ प्रतिशत आरक्षण कोटा छुट्याइएको छ, जसले गर्दा दुर्गम, जनजाति, दलित, मुस्लिम, महिला लगायतले मेरिटको आधारमा भर्ना पाउँछन् ।

त्यस्तै, स्नातकोत्तर तहमा सार्वजनिक शिक्षण संस्थामा नि:शुल्क छात्रवृत्तिको व्यवस्था छ । क्लिनिकल विषय डाक्टरलाई निर्वाह भत्ता पनि रहेको छ । उनीहरूले सेवा करारमा रहेर दुई वर्ष सरकारले खटाएको ठाउँमा सेवा गर्नुपर्छ । यसले गर्दा नेपालमा जनशक्तिको उपलब्धता पनि वृद्धि भएको छ । सरकारले भने अनुसार खटाएर काम लिनसक्ने कानुनी आधार तयार भएको छ ।

यस्तैगरी, आयोगले आगामी १० वर्षमा कति स्वास्थ्य जनशक्ति आवश्यक पर्ने हो त्यही आधारमा उत्पादन गर्नुपर्ने विषयको प्रक्षेपण गरेको छ । स्वास्थ्य संस्था कुन ठाउँमा खोल्दा उचित हुन्छ भनेर म्यापिङका काम भएका छन् । विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गतका कार्यक्रमलाई व्यवस्थित गरिएको छ । सीटीईभीटी अन्तर्गत भएका कार्यक्रम गुणस्तर कायम र संस्था स्थापना नियमन गरेर सही बाटोमा ल्याइएको छ ।

सरकारले चिकित्सा शिक्षाको क्षेत्रमा लगानी वृद्धि गर्दै सर्वसाधारणको पहुँच अभिवृद्धि गरेर गुणस्तरीय सेवा पुर्‍याउँदै जानुपर्ने हुन्छ । सार्वजनिक शिक्षण संस्थाको स्थापनाको सन्दर्भमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पीजी, एमबीबीएस लगायत पठनपाठन सुरू भएको छ ।

यस्तै, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत प्रतिष्ठानमा अध्ययन सुरू भइसकेका छन् । जहाँ भूगोलको हिसाबले दुर्गम, जनसंख्याको जनघनत्वको हिसाबले कम महत्व दिएको ठाउँमा प्राथमिकताको साथ अध्ययन सुरु भएका छन् ।

यस्तै, सीटीईभीटी कार्यक्रम पनि अछाम लगायत ठाउँमा गैरनाफामूलक रूपमा सञ्चालन भएका छन् । निजी क्षेत्रले जहाँ बढी जनघनत्व छ, त्यहाँ अर्को थपेर चलाउने पद्धति अहिले पनि कायमै छ ।

**कानुन मिचेरै काम गर्न दबाब**

सरकारको उच्च तहका मानिस, समाजमा आफूलाई सक्षम, प्रभावकारी ठान्ने मानिसको सोच अहिले पनि नियम, कानुन मलाई लाग्दैनह मैले भनेपछि पदाधिकारी वा कर्मचारीले मिलाउनुपर्छ र मिलाउँछन् भन्ने सोच छ । यस्ता सोच भएका ऐन, कानुनलाई मिचेर काम गर्न दबाब दिनु कुनै अनौठो मान्नुपर्ने कुरा होइन । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले राज्यले चिकित्सा शिक्षामा लगानी अभिवृद्धि गर्दै, सर्वसाधारणको पहुँच वृद्धि गर्दै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउनुपर्छ भन्ने कुरा तय भएको छ । त्यस बाटोमा जानका लागि गोरेटो खनेको छ । यही गारेटोबाट अझै सुधार गर्दै लैजानुपर्छ ।

आजको दिनमा मेरिटको आधारमा भर्ना, शुल्क आयोगले तोकेको भन्दा बढी लिन नपाउने, मापदण्डले विद्यार्थीको सिट निर्धारण व्यवस्था लगायतका कुरा बजारले माग गरेका भन्दा फरक किसिमले आएका हुन् ।

व्यापार, बिजनेस, खुला बजारले तय गर्नुपर्छ भन्ने सोच विश्वभर नै कायम छ । त्यसलाई गलत भन्न मिल्दैन । तर, नेपालको हकमा हेर्दा त्यसलाई गलत भनिएन भने अवस्था बिग्रिन्छ । त्यसकारण सबै कुरा सबै ठाउँमा गलत र सही हुँदैन । नेपालको सन्दर्भमा संविधान, ऐन र जान खोजेको पक्षमा जानुपर्ने हुन्छ ।

मेडिकल शिक्षामा व्यापार त हुनुपर्छ तर, त्यति धेरै व्यापारीकरण हुनुहुँदैन । नेपालमा मेडिकल शिक्षा व्यापारीकरण भयो मात्र होइन अपराधीकरणमा नै प्रवेश गर्‍यो ।

**डा. केसीकै दबाबपछि बन्यो कानुन**

डा. गोविन्द केसीले लिड नगरेको र सरकारको ध्यान नतानेको भए राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ नै आउँदैनथ्यो । पार्टीका जुनसुकै घोषणापत्रमा समाजवाद उन्मुख लेखिएको छ । जनताको शिक्षा, स्वास्थ्य नि:शुल्क हुनुपर्ने कुरा संविधानमा लेखिएको छ । तर, त्यसलाई लागू गर्ने कुरामा ऐन आयो । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ल्याउनका लागि डा. केसीको आन्दोलनले प्रमुख भूमिका खेल्यो । चिकित्सा शिक्षा गलत बाटोमा गइरहेको बेला सही मार्गमा डोर्‍याउन डा. केसीले ऐन ल्याउने क्रममा खेलेको भूमिका अहं छ । पहिला-पहिला एक ठाउँमा चलेपछि मेरो पनि चल्छ भनेर निजी शिक्षण संस्था स्थापना भए । त्यसरी स्थापना भएका संस्थामा विद्यार्थी पढेसकेपछि भोलि रोजगारी र भोलिको भविष्यको बाटो देखेनन् ।

नर्सिङ बीएनएसको अहिले पनि ६०० भन्दा बढी सिट खाली छन् । त्यो किन भयो त्यसको गहिराइमा पुगेर अध्ययन गर्न जरूरी छ । तर, खाली सिट सामान्य रूपमा हेर्दा पीसीएल नर्सिङ गरेको र नर्सिङ बीएनएस गरेको मानिसको तलब पनि उही भएपछि रुचि देखिँदैन । नेपालमा स्कोप नहुने भएपछि सिटहरू खाली भएको अवस्था छ । त्यो खाली गएका सिटहरू साँच्चै जनशक्ति आवश्यक नपर्ने हो कि, त्यो खालको जनशक्तिको उपयोग नेपाल सरकार तथा निजी क्षेत्रले नगरेको हो भन्ने कुरालाई हेरेर उत्पादन गर्नुपर्छ ।

अहिले सरकारी स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्थामा चाहिने जनशक्ति सबै कुरा हेरेर प्रक्षेपण गरिएको छ । तर, आजको दिनमा निकालेको जति जनशक्ति चाहिन्छ भनिएको त्यसको आधारमा स्वास्थ्य संस्था स्थापना भएका छैनन् । नीतिमा मात्रै स्थापना भएको देखाएको छ । नीतिलाई मात्रै जनशक्तिको प्रक्षेपण गरिएको छ । सरकारले अहिले ६ हजार मेडिकल चिकित्सक चाहिने औंल्याएको छ । तर, अहिले जम्मा २४०० मात्रै छन् । अहिले २० हजारको हाराहारीमा चिकित्सक बजारमा छन् । दुर्गम क्षेत्रमा चिकित्सक पुगेका छैनन् ।

सरकारलाई थप ६ हजार दरबन्दी चाहिएको छ । त्यसकारण स्वास्थ्य संस्थाको विकास नै भएन । डाक्टर उसै त दुर्गम जाँदैन नि ! त्यसको लागि जागिर दिनुपर्ला । अहिले लोकसेवाको लागि चिकित्सक मरिहत्ते गरेका छन् । १ जना चिकित्सक मागेको ठाउँमा १५ गुणा बढी आवेदन पर्ने अवस्था छ । यतातिर दरबन्दी खोलेर चिकित्सकलाई प्रवेश गराइएको छैन भने अर्कोतिर दुर्गममा चिकित्सक गएनन् भन्ने हल्ला फैलाइएको छ ।

**दुर्गममा डाक्टर पठाउन सरकारले नै ध्यान दिएन**

दुर्गममा जानका लागि चिकित्सक उत्पादन भए । तर, स्वास्थ्य मन्त्रालयसँग दुर्गममा पठाउन पैसा भएन । दुर्गममा डाक्टरको खाँचो पनि छ । गाउँ-गाउँमा जानका लागि उत्पादन पनि भएको छ । हामीलाई आवश्यक पर्ने जनशक्ति सेवाको तुलनामा राज्यले लगानी गरेन भनेर बुझ्नुपर्‍यो । यसको लागि सरकारले बजेट नै छुट्याउनु पर्‍यो यो नि ! जुन परिकल्पना गरेर स्वास्थ्य नीति आएको छ त्यो अनुसारको नीति र बजेट छैन ।

चिकित्सा शिक्षालाई गैरनाफामूलक बनाउन व्यापक छलफल गरेर जानुपर्छ । संसारभर विभिन्न मोडालिटीमा काम भएका छन् । कुन मोडालिटीमा जाने भनेर खाका तयार गर्नुपर्छ । चिकित्सा शिक्षाको सम्बन्धमा युरोप, अमेरिकातिर निजी लगानीमा अस्पताल तथा मेडिकल कलेजबाट नाफा कमाएर, शेयर झिकेर व्यापारीले अन्त कतै लगानी गर्दैन । उसले त्यहीं पुन: लगानी गर्छ ।

नेपालमा भने एकातिर नाफा कमाएर हाइड्रो अथवा जग्गामा हाल्ने सोच भयो । लगानी गरेपछि नाफा हुनुपर्छ । शिक्षण संस्था स्थापना गरेपछि घरबार बेच्दै ल्याएर हाल्ने कुरा पनि होइन । नाफाको आम्दानी चाहिं त्यही संस्थाको सुधारमा लगानी गर्नुपर्छ । पुरानो एक्सरे, एमआर आई, सिटीस्क्यान लगायतका उपकरण फेर्नुपर्‍यो, भवन नयाँ बनाउनका लागि नाफा त चाहियो नि ! तर, त्यसलाई थोत्रो बनाएर नाफा चाहिं अन्त लैजाने प्रवृत्ति त राम्रो होइन !

**गेटा मेडिकल कलेजमा सरकारकै छैन रुचि**

शैक्षिक गुणस्तरमा आयोगले धेरै काम गरेको छ । दौडधुप गरेर, यति जना मानिस आउँदैछन् भन्ने आकलन गरिएको छ भन्ने फरक पाटो होला । पहिलाको भन्दा राम्रो अनुगमन भएका छन् । पहिलेका दिनमा अनुगमनमा जाँदा प्रोफेसर भेटिए, भोलिपल्ट नभेटिंदा पनि केही हुँदैनथ्यो । अहिले वर्षैभरिको तथ्यांक हेरिन्छ ।

अर्बौं लगानी गरेर गेटा मेडिकल कलेजको भवन तयार भएको छ । तर, त्यसलाई सञ्चालन गर्न सरकारको कुनै चासो छैन । हामीले पटक-पटक भनिरहेका छौं– मेडिकल कलेजमा अहिलेका मेडिसिनका विषयमा अध्ययन गराउन क्षमता छ, सुरु गर्नुपर्छ । नसक्ने कुरा लिएर बस्ने अनि वर्षौंसम्म सञ्चालन गर्न पनि नदिने सरकारको नीति छ । गेटा मेडिकल कलेजको चर्चा सुरु भएको २५ वर्ष भइसक्यो । राज्यले लिएर लगानी गर्न थालेको १० वर्ष भइसक्यो ।

यो वर्षदेखि डडेल्धुरामा केही विषय पठनपाठन हुने योजना छ । ठूलो भवन निर्माण गरेर मात्रै कलेज सञ्चालन हुने होइन । स्वास्थ्य सेवा प्रवाह र अध्यापनको काम सँगसँगै लैजानुपर्छ । सरकारको सेवा विस्तारतिर भन्दा भौतिक विस्तार तिर ध्यान गएको देखिन्छ ।

**छात्रवृत्तिको व्यवस्था परिमार्जन गर्नुपर्छ**

छात्रवृत्तिको पाटोलाई केही परिमार्जन गर्न जरूरी छ । अहिले दिएको छात्रवृत्ति केही व्यक्तिलाई सित्तैंमा पाए जस्तो महसुस भएको छ । त्यो सित्तैंमा पाए जस्तो महसुस हुन हुँदैन । त्यसलाई ऋणमा परिणत गरेर तिर्न नपर्नेमा लैजान सकिन्छ । नेपालमा बसेर १० वर्ष काम गर्‍यो भने एक पैसा तिर्न नपर्ने व्यवस्था गर्नुपर्छ ।

दुई वर्ष दुर्गममा बसेर काम गर्दा व्यक्तिले फरक हिसाबले महसुस गरेन । मैले राम्रो पढेर ४५/५० लाख पाएको हुँ भन्दै दुई वर्ष बिताएर विदेश जाने वा अर्को विकल्प सोच्न थाले । त्यसो गर्न पाइँदैन । मलाई डाक्टर बनाइदिए बापत सरकारलाई सहयोग, सेवा गर्नुपर्छ भन्ने मानसिकता ल्याउन जरूरी भयो ।

आयोग आफैं बेथितिलाई थितिमा ल्याउन स्थापना भएको संस्था हो । अरू संस्था जस्तो बाटो, भवन निर्माण गर्ने प्रोजेक्ट होइन । अब उन्नत रूपमा लैजान सक्नुपर्छ । अहिले जे काम भएका छन् त्यसलाई मजबुत रूपमा अगाडि बढाउने कुरा पनि चुनौतीपूर्ण नै छ । अब अध्ययन-अनुसन्धानको पाटोमा आयोगले बढी ध्यान दिनुपर्छ ।

चिकित्सा शिक्षामा भएका उपलब्धिलाई बचाउन भन्दा सिध्याउनका लागि अहिले पनि केही मानिस संगठित हिसाबले लागिपरेका छन् । चिकित्सा शिक्षा बेथितिबाट फाइदा लिएका मानिस आक्रामक रूपमा रहेका र त्यसलाई थेग्न सक्नु अबको चुनौतीको विषय हो । सरकार, राजनैतिक पार्टीले लिखित रूपमा जे प्रतिबद्धता गरेका छन् त्यसमा उभिने हो भने कुनै बाधा-अड्चन हुँदैन ।

*(साभार: अनलाइनखबर)*

# संविधान कार्यान्वयनका चुनौतीहरु

खिमलाल देवकोटा

झण्डै सात दशकको अथक सैर्ष त्याग र बलिदानको परिणाम संविधानसभाबाट संविधान प्राप्त भएको आज आठ वर्ष भएको छ । संविधानसभाबाट प्राप्त संविधान केवल संविधानको दर्जामा र संख्यामा गणना हुने सातौं संविधानमात्र होइन, संविधानसभाबाट प्राप्त भएको पहिलो संविधान पनि हो ।

यो संविधानका आठ वर्षका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । यसका साथै यो आलेखमा संविधान निर्माणको ऐतिहासिक सन्दर्भ, संविधान निर्माणको प्रक्रिया र संविधानको अपेक्षाका बारेमा समेत संक्षेपमा चर्चा गरिनेछ ।

**ऐतिहासिक सन्दर्भ**

वि.सं २००४ को वैधानिक कानुनलाई पहिलो संविधान मान्ने हो भने २००७ सालमा अन्तरिम संविधान दोस्रो र तेस्रो संविधानका रूपमा २०१५ सालको अन्तरिम संविधान रह्यो । चौथो निर्दलीय पञ्चायतलाई संस्थागत गर्ने संविधान रह्यो भने पाँचौं संविधानका रूपमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । जसले संवैधानिक राजतन्त्र, संसदीय बहुदललाई परिभाषित गर्‍यो । माओवादी जनयुद्ध, राजनीतिक परिवर्तनको कोशेढुङ्गा सावित भयो । मदन भण्डारीको दासढुङ्गा रहस्यमय हत्यादेखि दरबार हत्याकाण्डसम्म यही अवधिमा घट्न पुग्यो । माओवादी, राजा र सात दल गरी राजनीति त्रिकोणात्मक शक्ति सैर्षमा होमियो । राजा र सात दल माओवादीविरुद्ध खनिदा २०४७ सालको संविधान सुरक्षित थियो तर जब समीकरण बदलियो राजनीतिक माहोल अर्को बन्यो । परिणामस्वरुप अन्तरिम संविधान जारी भयो । राजतन्त्र संस्थागत गर्ने २०४७ सालको संविधान खारेज गर्‍यो ।

अन्तरिम संविधानले संविधानसभाको चुनावसँगै नयाँ संविधान जारी गर्ने आधार तयार गर्‍यो । संविधानसभाबाट जारी भएको नयाँ संविधानले सैंयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीतासहितको राज्यको प्रादुर्भाव संविधानमार्फत हुन पुग्यो । यही सैंघ लोकतान्त्रिक गणतन्त्रको संविधानको आठौं वर्ष मनाइरहेका छौं ।

**संविधानको अन्तरवस्तु**

यो संविधानको अन्तरवस्तु माओवादी र सात दलका बीचमा सम्पन्न १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानसमेतले निर्धारण गरेका थिए । अढाइ सय वर्षदेखि कायम रहेको राजतन्त्रको अन्त्यका कारण यी दस्तावेजहरू बने । विस्तृत शान्ति सम्झौताले वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय समस्या नेपाली समाजका समस्या हुन् र तिनै समस्या नै द्वन्द्वका कारण थिए भन्यो । ती समस्या समाधानका लागि युद्धको घोषणा गरिएकामा द्वन्द्वरत पक्ष समस्याको समाधान वार्ताको माध्यमबाट गर्न सहमत भएका कारणले सम्झौता भएको थियो ।

द्वन्द्वका कारणहरूको सम्बोधन नयाँ संविधानको अन्तरवस्तु थियो । राज्यको अग्रगामी पुन:संरचना गरी आर्थिक सामाजिक रुपान्तरण संविधानको लक्ष्य रहनुपर्छ भन्ने मान्यता थियो । एकात्मक र सामन्ती संरचनाले सिर्जना गरेका उत्पीडन, अन्याय र अत्याचारका समस्याको समाधान दिगो शान्तिको आधार बन्ने कुरा संविधानले स्वीकार गरेको थियो । द्वन्द्वका कारण र समाधानको सूत्र सम्झौताले गृहयुद्धको अन्त्य र शान्ति, लोकतन्त्र र समावेशी शासनतर्फको दिशा तय गर्‍यो । संयुक्त जनआन्दोलन, जसलाई ‘अप्रिल विद्रोह’ पनि भनिन्छ, राजतन्त्रलाई गद्दी र शक्ति त्यागन दबाब दिन महत्त्वपूर्ण भूमिका खेल्यो ।

**संविधान निर्माण प्रक्रिया**

झण्डै पाँच दर्जन मुलुकले आफ्नै प्रकृतिका संविधानसभामार्फत संविधान जारी गरेका छन् । त्यो मध्ये नेपाल पनि एक हो । नेपालले संविधानसभाबाट संविधान जारी गरेपछि भने ट्युनिसिया, भेनेजुएला, आइल्याण्ड र अफगानिस्तानले मात्रै संविधानसभामार्फत नयाँ संविधान जारी गरेका छन् । संसारका संविधानसभामध्येकै उत्कृष्ट ठानिएको संविधान सभाको निर्वाचन सम्पन्न गरी जारी गरिएको संविधान जनमत संकलनका आधारमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयारी गरी संविधानसभाको अत्यधिक मतबाट जारी यो संविधान विश्वकै उत्कृष्ट लोकतान्त्रिक अभ्यासका माध्यमबाट जारी भएको संविधानका रूपमा लिने गरिन्छ ।

संविधानको यात्रा लामो र कठिन थियो । यसमा वार्ता संवाद र सहकार्यका पहलहरू भए । नेपालको विविधताको प्रतिनिधित्व गर्ने अभिलाषा पूरा गर्ने प्रयत्न पनि गर्‍यो । नेपाली समाजको अपेक्षाको प्रतिनिधित्व गर्ने संविधान निर्माण गर्ने साझा प्रतिबद्धता समावेश थियो । पहिलो संविधानसभा संविधान जारी नगरी अदालतको आदेशबमोजिम स्वत: अन्त्य भए पनि दोस्रो संविधानसभाको लागि मार्गप्रशस्त गर्‍यो । यसकै जगमा २० सेप्टेम्बर २०१५ मा सफलतापूर्वक मुलुकले नयाँ संविधान पारित गर्‍यो । यो संविधानको सबैभन्दा उल्लेखनीय पक्ष गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता र सैंयताप्रतिको प्रतिबद्धता हो ।

**संविधानले समाजमा पारेका प्रभाव**

यो संविधान द्वन्द्व रुपान्तरणको एक दस्तावेज हो । संविधानसभा, संविधानसभामार्फत संविधान र त्यो संविधान सैंयता, गणतन्त्र समावेशी राजनीति र धर्मनिरपेक्षतासहितको हुने जस्ता शर्तहरू थिए । तिनै चिज यो संविधानले संस्थागत गरेको छ । संविधानले संस्थागत गरेका ती विषयहरूको इमानका साथ कार्यान्वयन हुने हो भने सुशासन र सबैखाले द्वन्द्व समाधानका उपाय पनि सुझाएको छ भन्न सकिन्छ । राजनीतिक परिवर्तनको आन्दोलन सकिएको घोषणा गर्ने ठाउँमा दलहरू पुगेका कारण देश राजनीतिक स्थिरताको युगमा प्रवेश गरेको छ भन्न कर लाग्छ ।

विशेषगरी सैंयताले प्रदेश र स्थानीय सरकारहरूलाई राज्य शक्तिको प्रयोग गर्ने अधिकार दिएको छ । राज्य शक्तिको प्रयोग गर्दा निर्णय गर्ने प्रक्रियालाई जनताको नजिक ल्याइदिएको छ । सीमान्तकृत समुदायलाई राजनीतिक प्रक्रियामा समावेश गर्ने कुराले फल दिन थालेको छ । राजनीतिक संस्थाहरूमा महिला, दलित र आदिवासी जनजातिले समुचित प्रतिनिधित्व पाएका छन् । शक्तिको यो विविधीकरण सामाजिक न्याय र समावेशिताप्रति संविधानको प्रतिबद्धताको प्रमाण हो ।

*बाँकी पृष्ठ-३ मा....*

# प्रमुख प्रशासकीय अधिकृत फर्काएर बनाइएका निमित्तमाथि अंकुश




काठमाडौं/सरकारले प्रशासकीय अधिकृत फर्काउने स्थानीय तहका निमित्त प्रमुख प्रशासकीय अधिकृतहरुको आर्थिक तथा प्रशासनिक अधिकार खोस्न सुरु गरेको छ । स्थानीय तहहरुमा संघले पठाएको प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गर्न नदिई फर्काउने क्रम बढेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निमित्त प्रशासकीय अधिकृतलाई आर्थिक तथा प्रशासनिक अधिकारको लागि सहमति नदिने र यसअघि दिएको भए पनि फिर्ता लिने निर्णय गरेको हो ।

मन्त्रालय स्रोतका अनुसार संघबाट गएका प्रमुख प्रशासकीय अधिकृत फर्काउने आधा दर्जन स्थानीय तहलाई मंगलबार पत्र लेख्दै निर्णयबारे जानकारी गराएको छ । अब त्यस्ता स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले चेक काट्न र स्थानीय तहको बैंक खाता सञ्चालन गर्न पाउने छैनन् । त्यसैगरी निमित्त प्रशासकीय अधिकृतले कार्यालय प्रमुखका रुपमा बैठक बसाल्ने, विदा स्वीकृत गर्ने जस्ता प्रशासकीय अधिकार पनि पाउने छैनन् ।

'अब कि त हामीले पठाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउनुपर्‍यो नभए नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाउन हामीलाई अनुरोध गर्नुपर्‍यो,' मन्त्रालय स्रोतले भन्यो,'कानुनबमोजिम संघबाट खटिएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराई निमित्त नै राखेर विकृति फैलाउने अधिकार स्थानीय तहसँग छैन ।'

कपिलवस्तुको मायादेवी गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाएको प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराएको छैन । कार्यपालिका बैठकले नै निर्णय गरेर लोकेश चौधरीलाई हाजिरी गर्न रोकिएको छ । करिब डेढ वर्षदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन रहेको सो गाउँपालिकामा पशु सेवाका प्रमेश्वर यादवले निमित्त प्रमुख प्रशासकीय अधिकृतमा रुपमा काम गरिरहेका छन् ।

दैलेखको ठाँटीकाँध गाउँपालिकाले पनि प्रमुख प्रशासकीय अधिकृत हेमन्त चुनारालाई हाजिर गर्न दिएको छैन । गाउँपालिका अध्यक्ष रक्षबहादुर शाहले सहमतिमै चुनारालाई फिर्ता गरिएको दाबी गरिरहेका छन् ।

इलामको माईजोगमाई गाउँपालिकाले पनि प्रमुख प्रशासकीय अधिकृतका रुपमा गएका स्काई पोखरेललाई हाजिर गराउन मानेको छैन । हाजिर गर्न कार्यालय पुग्दा समेत पोखरेललाई अध्यक्षको आदेश भन्दै त्यहाँका कर्मचारीले हाजिर गर्न नदिई फर्काइएको छ । सो गाउँपालिकामा प्राविधिक अधिकृत रहेका प्रकाश चौधरी निमित्त प्रमुख प्रशासकीय अधिकृत छन् ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रुपमा खटाएका राजीव रिमाललाई हाजिर गर्न नदिई फर्काएको छ । गाउँपालिका अध्यक्ष खिमबहादुर थापाले संघीय सरकार अन्तर्गतको सामान्य प्रशासन मन्त्रालयको कार्यशैली विरुद्धको लडाइँका कारण रिमाललाई हाजिर गर्न रोकिएको बताउँदै आएका छन् ।

पछिल्ला वर्षमा यस्तो प्रवृत्ति बढेपछि नीतिगत रुपमै स्थानीय तहलाई जिम्मेवार बनाउन निमित्त प्रमुखलाई आर्थिक तथा प्रशासनिक अधिकारका लागि मन्त्रालयबाट सहमति नदिने निर्णय भएको अधिकारीहरु बताउँछन् । 'मन्त्रालयको सहमतिमा मात्रै निमित्त प्रमुख प्रशासकीय अधिकृतले आर्थिक तथा प्रशासनिक विषयमा निर्णय लिन पाउँछन्,' स्रोत भन्छ ।

सरुवा भएका ठाउँमा हाजिर हुनै नजाने कर्मचारीको प्रवृत्ति पनि समस्याका रुपमा रहेको बेला गएकालाई पनि हाजिर नगराउउने प्रवृत्तिले मन्त्रालय दबाबमा छ ।

अहिले करिब १०० भन्दा बढी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पद रिक्त भएका कारण निमित्तका भरमा चलिरहेका छन् । त्यसमध्ये करिब ८० वटा नगरपालिकामा नै प्रमुख प्रशासकीय अधिकृत छैनन् । यसैकारण प्रशासनबाहेक शिक्षा, स्वास्थ्य, पशु लगायतका सेवाका शाखा प्रमुखहरुले निमित्त प्रमुख भएर स्थानीय तहको प्रशासन चलाइरहेका छन् ।

निमित्त प्रमुख भएर काम गरिरहेकाहरुले पनि सकेसम्म संघीय सरकारबाट प्रमुख प्रशासकीय अधिकृत नआउन् भन्ने चाहेको सामान्य प्रशासन मन्त्रालयका अधिकारीहरुको भनाइ छ । उनीहरुका अनुसार तुलनात्मक रुपमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत पद आकर्षक मानिन्छ ।

उनीहरुसँग स्थानीय तहको आर्थिक अधिकार हुनुका साथै तलब बाहेक सवारीसाधन, सञ्चार, आवास सहित अरु सुविधा पनि पाउँछन् । मातहतका कर्मचारीहरुलाई परिचालन प्रशासकीय प्रमुखले नै गर्छन् ।

तर, कमजोर नेतृत्व र निर्णय क्षमताका कारण निमित्तहरुले चलाएको स्थानीय तहहरुको कार्यसम्पादन प्रभावित भइरहेको मन्त्रालयको निष्कर्ष छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्लो समयमा स्थानीय तहविरुद्ध दायर गरेको मुद्दामध्ये अधिकांश निमित्त प्रमुख प्रशासकीय अधिकृतले काम गर्दाको 'केस'हरुमा अनियमितता देखिएको निष्कर्ष मन्त्रालयको छ ।

संघीय मामिला मन्त्रालय सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाएर निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई विस्थापित गर्ने गृहकार्यमा छ । यसैअनुसार मन्त्रालयले विभिन्न मन्त्रालय र निकायमा दरबन्दीभन्दा बढी राखिएका कर्मचारी झिकाउँदै स्थानीय तहमा पठाइरहेको छ ।

तर, कतिपय स्थानीय तहले निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई नै बढी रुचाएपछि मन्त्रालयको निर्णयमा नै चुनौती दिन स्थानीय तह अग्रसर छन् ।

संघबाट जाने कर्मचारीले निर्णय प्रक्रियामा ढिलाइ र अलमल गर्ने, कतिपयले जनप्रतिनिधिको चाहनाअनुसार विधि र प्रक्रिया मिच्न नचाहने र निर्णय गर्दा समेत कुनै जोखिम नलिने गर्दा जनप्रतिनिधिहरुमा निमित्तलाई नै रोज्ने मोह बढेको अवस्था समेत छ ।

संघीय सरकार भने स्थानीय तहमा मनोमानी गर्ने उद्देश्य राखेरै संघबाट खटिएका कर्मचारी रोक्ने स्थानीय तहविरुद्ध 'एक्सन'मा जान खोजिरहेको छ । त्यसैअनुसार प्रमुख प्रशासकीय अधिकृत फर्काएर स्थानीय तहले तोकेका निमित्तमाथि अंकुश लगाउन सुरू भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दर्शकको चाप बढाउँदै 'एक भागवत र एक गीता'



काठमाडौं/तीजको छेको पारेर शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'एक भागवत र एक गीता'को इनिसियल व्यापार उत्साहप्रद रहन सकेन । जसले निर्माण टिमलाई पनि निराश तुल्याएको थियो । तर, तीजको विदाबाट फिल्मले राम्रो गति लिन थालेको छ । टिकटकमा फिल्मभित्रका क्लिप्सहरु भाइरल हुनु र सुखद 'वर्ड अफ माउथ'को प्रभावले फिल्ममा दर्शक बढ्न थालेको विश्लेषण गरिएको छ ।

तीजको विदामा फिल्मको ६० प्रतिशतमाथि अकुपेन्सी देखिएको थियो । कामकाजी दिन अर्थात् मंगलबार पनि फिल्मको अकुपेन्सी सुखद नै छ । फिल्मका वितरक गोविन्द शाहीले मल्टीप्लेक्सहरुमा हाउसफुल भएका शोको स्क्रिनसट आफ्नो सामाजिक सञ्जालमा साझेदार गरेका छन् । आज (बुधबार) संविधान दिवसको विदाको फाइदा पनि फिल्मले राम्रो उठाउने विश्वास निर्माण टिममा छ ।

फिल्मले कछुवाको गतिमा दर्शकको संख्या बढाउन थालेपछि काठमाडौंसहितका मल्टीप्लेक्सहरुले शो संख्यामा समेत वृद्धि गरेका छन् । निर्माण टिममा अब भने आशाको किरण पलाउन थालेको छ । निर्माता सुनील कुमार थापा फिल्मप्रति दर्शक आकर्षित हुन थालेकोमा खुसी देखिएका छन् । फिल्मले घरेलू बजारबाटै लगानी उठाउन २ हप्ता बक्स अफिसमा राम्रो उपस्थिति जनाउनुपर्नेछ ।

फिल्म यौनिक-लैंगिक अल्पसंख्यक समुदायको कथामा आधारित छ । यो आफैंमा चुनौतीपूर्ण र संवेदनशील विषय हो । फिल्ममा अभिनेता विपिन कार्की तेस्रो लिङ्गीको भूमिकामा रहेका छन् । फिल्ममा दर्शक बढ्न थाल्नुमा उनको लुक्स पनि प्रमुख मानिएको छ । झरना थापाद्वारा निर्देशित फिल्ममा सुहाना थापा, धीरज मगर, जेवीस श्रेष्ठ, जेवीन श्रेष्ठ, कबीर खड्का लगायतको अभिनय छ ।

# विमलेशले घोषणा गरे 'ह्याप्पी डिभोर्स', केकी र रीमा मुख्य भूमिकामा



काठमाडौं/अभिनेता विमलेश अधिकारीले फिल्म निर्देशनमा डेब्यू गर्ने भएका छन् । उनको निर्देशनमा बन्न लागेको फिल्म 'ह्याप्पी डिभोर्स'को मंगलबार काठमाडौंका एक कार्यक्रमका बीच प्रिभ्यू भिडियो (डिभोर्स गीत) सार्वजनिक गर्दै निर्माण घोषणा गरियो । भिडियोमा विमलेशका साथै अभिनेत्रीद्वय केकी अधिकारी र रीमा विश्वकर्मा प्रस्तुत छन् । फिल्मको कथा पनि उनीहरुमा नै केन्द्रित रहनेछ ।

अंग्रेजी नयाँ वर्ष २०२४ बाट छायांकन थालेर सोही वर्ष फिल्मलाई हलमा प्रदर्शन गरिने जनाइएको छ । फिल्ममा नवराज उप्रेतीको छायांकन, टेकेन्द्र शाहको सम्पादन र पुकारमणी राईको लेखन रहनेछ । रोशन घिमिरे निर्माता रहेको फिल्मको कन्सेप्ट तथा कथा विशलेश स्वयंको हो । २०१८ तिर नयाँ चिजमा काम गर्ने योजना बनाउँदा 'ह्याप्पी डिभोर्स'को कन्सेप्ट आएको विमलेश बताउँछन् ।

डिभोर्सपछि पनि खुसी भएर जीवन अगाडि बढाउन सकिन्छ भन्ने सन्देश फिल्मले दिने उनको भनाई छ । 'डिभोर्स या ब्रेकअपपछि लाइफ त्यतिमै सकिँदैन । त्योभन्दा अगाडि पनि लाइफ छ । आफूले सोचेका सपना साकार गर्न सकिन्छ । खुसी हुन सक्छौं । यिनै कुरालाई फिल्ममा देखाउँछौं । डिभोर्सपछि पनि जीवनलाई राम्ररी अघि बढाउन सकिन्छ भन्ने सन्देश फिल्मले दिनेछ,' उनले भने ।

निर्देशन गर्नु चुनौतीपूर्ण भएपनि योजनाबद्ध रुपमा काम गरि रहेकाले कठिन नहुने उनको विश्वास छ । उनी भन्छन्, 'फिल्म निर्देशन चुनौतीपूर्ण काम हो भन्ने थाहा छ । प्रिभ्यू भिडियोसम्म चाहिँ कठिनाई भोग्नुपरेन । मैले योजनाबद्ध रुपमा काम गरिरहेकाले निर्देशन गर्न त्यति साह्रो कठिनाई नहोला भन्ने लागेको छ ।' केकी र रीमाले फिल्मको कथा र चरित्र मनपरेपछि काम गर्न लोभिएको बताए ।

## संविधान दिवस :

# मधेशमा बढेको संविधानको स्वीकारोक्ति

काठमाडौं/जनता समाजवादी पार्टी (जसपा)ले आज संविधान दिवसको दिन न विरोधमा कार्यक्रम राखेको छ, न समर्थनमा । प्रवक्ता मनिष सुमनका अनुसार, पार्टीले संविधानको पूर्ण रुपमा स्वामित्व लिएको छैन, तर विगतमा जस्तो कालो दिवस भनेर औपचारिक कार्यक्रम पनि गर्ने छैन ।

जबकी ३ असोज २०७२ मा नयाँ संविधान जारी भएको खुसियालीमा अरुतिर दिपावली भइर हँदा मधेशमा 'ब्ल्याक आउट' गरिएको थियो । संविधानसभाको बैठकहरु बहिस्कार गरेर आन्दोलनमा उत्रिएको तत्कालीन मधेशी मोर्चाको आह्वानमा तराई मधेशका जिल्लाहरुमा धेरैले बत्ती निभाएका थिए । त्यसपछिका वर्षहरुमा मधेश केन्द्रित दलहरुले संविधान दिवसलाई कालो दिन भनेर मनाउन थाले । तर अहिले अवस्था फेरिएको छ ।

यो वर्ष महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले मात्र विरोध कार्यक्रम राखेको छ भने जसपाले कालो दिवस भनेर कुनै कार्यक्रम गर्ने छैन । नेताहरुका अनुसार सरकारमा भएको बेला संविधानको विरोध नगर्ने सुरुवात २०७५ सालमा भएको थियो, जतिबेला पार्टी अध्यक्ष उपेन्द्र यादव आफैं केपी शर्मा ओली नेतृत्वको सरकारमा उपप्रधानमन्त्री थिए ।

त्यसयता दलहरुले सरकारमा नभएको बेला संविधानको विरोधमा कार्यक्रम गर्ने गरिएको छ । यो पटक पनि पार्टी सरकारमा भएकाले कुनै कार्यक्रम नराखेको भन्दै एक नेता भन्छन्, 'सरकार बसेर कालो दिवस भनेर कार्यक्रम मिलेन नि !'

जसपा मात्र होइन, मधेशको नयाँ शक्तिका रुपमा आएको जनमत पार्टीले पनि भोलि कुनै कार्यक्रम राखेको छैन । प्रवक्ता डा. शरदसिंह यादवका अनुसार, संविधान दिवस भनेर खुसी साट्ने कार्यक्रम पनि गर्ने छैन, कालो दिवस भनेर विरोधमा कार्यक्रम पनि गर्ने छैन । उनी भन्छन्, 'संविधानलाई सबैले स्वीकार गर्ने बनाउन आवश्यक संशोधनका लागि सबैतिर आवाज भने उठाइरहन्छौं ।'

७/८ वर्ष अगाडि कालो दिवस मनाउने मधेशमा संविधानको स्वीकार्यता त्यसै बढेको भने होइन । जनमत पार्टीका प्रवक्ता सिंह भन्छन्, 'हालै आएको नागरिकता विधेयकपछि मधेशमा संविधानको स्वीकार्यता बढेको देखिन्छ ।'

यो तहको स्वीकारोक्ति संविधान संशोधनबाटै भएको थियो । संविधानको विरोधमा आन्दोलनरत मधेशी मोर्चाको माग सम्बोधन गर्न ९ माघ २०७२ मा संविधानमा पहिलो संशोधन भएको थियो ।

त्यो संशोधनले राज्यका अंगहरुमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने र जनसंख्यालाई मुख्य र भूगोललाई सहायक आधार मानेर निर्वाचन क्षेत्र निर्धारण गर्ने व्यवस्था संविधानमा समावेश गरेको थियो ।

संविधानको पहिलो संशोधनपछि मंसिर २०७४ मा भएको निर्वाचनमा अरु प्रदेशमा (एमाले र माओवादी केन्द्रको) वाम गठबन्धनले बहुमत पाउँदा तत्कालीन प्रदेश नम्बर २ मा जसपा र लोसपा (तत्कालीन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी) को संयुक्त सरकार बन्यो । मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकार अरु प्रदेशको तुलनामा अधिकारको लडाईंमा अगाडि रह्यो ।

प्रदेश सरकारले पुस २०७५ मा प्रदेश प्रहरी ऐन बनायो भने साउन २०७६ मा सर्लाहीको सागरनाथ वन विकास परियोजनालाई वलजफ्ती कम्पनीमा रुपान्तरण गरी आफ्नो मातहतमा राख्न खोजेको भन्दै संघीय सरकार विरुद्ध सर्वोच्च अदालत गयो ।

कतिसम्म भने कठिन मानिएको प्रदेशको नामकरण समेत पहिचानका आधारमा भयो । ३ असोज २०७८ मा प्रदेशसभाले प्रदेशको नाम मधेश राख्ने प्रस्ताव दुई तिहाइ बहुमतले पास गरे । 'मधेशी जनताको म्याण्डेट त्यही थियो, लोसपा संसदीय दलका नेता जितेन्द्र सोनल भन्छन्, 'हामीले नेतृत्व गर्‍यौं, अरु पार्टीका साथीहरुले सहयोग गर्नुभयो । उहाँहरुलाई धन्यवाद छ ।'

१०७ सदस्यीय प्रदेशसभामा मधेश नामको पक्षमा टुप्लुक्क बहुमत (५४) मत मात्र देखिएको थियो । कांग्रेसले मिथिला-भोजपुरा तथा एमाले र एकीकृत समाजवादीले जानकी नाम प्रस्ताव गरेका थिए । जबकी प्रदेशको नामबारे निर्णय गर्न दुई तिहाई मत चाहिन्थ्यो । दुई तिहाई नभएकै कारण ३ चैत २०७६ मा भएको मतदानमा कुनै पनि प्रस्ताव पास हुन सकेको थिएन ।

दोस्रो पटक भएको मतदानमा माओवादी केन्द्रले संस्थागत रुपमै मधेशको पक्षमा मतदान गर्ने निर्णय गर्‍यो भने कांग्रेसका प्रदेश सांसदहरुले मत दिएपछि प्रदेशसभाको दुई तिहाइ बहुमतले मधेश नाम रह्यो । प्रदेशको नामकरणमा मधेशको जित भएको मान्छन्, अधिवक्ता दीपेन्द्र झा । 'सीमांकनको सन्दर्भमा मधेशले हारेको थियो' तर ई मधेशका जिल्लाहरुलाई समेटेर बढीमा दुई वटा प्रदेश बनाउनुपर्ने मधेशको चाहना भएपनि ४/५ वटामा बाँडिएको भन्दै उनले भने, 'नामकरणमा मधेशले जितेको छ । ठूला दलहरु जुन अडानमा थिए, त्यो नाम रहेन । मधेशले खोजेको नाम पायो ।' गत वर्ष नागरिकता ऐन जारी भएपछि मधेशको अर्को असन्तुष्टि सम्बोधन भएको छ । नयाँ संविधानले जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका व्यक्तिको सन्तानलाई वंशजको अधिकार प्राप्त गर्ने व्यवस्था गरेको थियो ।

# संविधान कार्यान्वयनका...




साथै संविधानले विभिन्न ३१ वटा मौलिक हकको सुनिश्चितता गर्दै आमाको नामबाट नागरिकता, जन्मसिद्ध नागरिकका सन्तानलाई पनि नागरिकता र गैरआवासीय नेपाली नागरिकलाई नागरिकता समेतको व्यवस्था गरेको छ । आर्थिक समृद्धिका दिशामा निजी, सरकारी र सहकारी गरी तीनखम्बे नीतिका साथै विदेशी लगानी प्रवर्द्धन गरी आर्थिक विकासको जग खडा गर्ने काम पनि यो संविधानले गरेको छ । यसले सामाजिक कल्याण र वातावरण संरक्षणमा जोड दिँदै आर्थिक वृद्धिमा निजी क्षेत्रको भूमिकालाई पनि त्यत्तिकै मान्यता दिने काम गरेको छ ।

**आगामी चुनौतीहरू**

नेपालले आफ्नो लोकतान्त्रिक यात्रामा महत्त्वपूर्ण फड्को मारेको भए पनि यो चुनौतीरहित भने छैन । राज्यका सबै अङ्ग सैीयकरण गर्दा पनि न्यायपालिका र राजनीतिक दल एकात्मक नै रहन पुगे । यसले सैीयता कार्यान्वयनमा द्विविधा सिर्जना गरेको मात्रै छैन, बाधासमेत खडा गरेको छ । सैीयता कार्यान्वयनमा स्रोतको बाँडफाँट, सैीयकरणका लागि प्रशासनिक रुचि र सक्षमता एवं अन्तरसरकारी समन्वयसम्बन्धी अवरोधहरू आज पनि कायम छन् । तिनलाई फुकाउने चुनौती आजका र भोलिका समेत हुन् । यी चुनौतीका बाबजुद पनि सैीयताको लाभ देशका कुना-कुनामा पुगेको छ । त्यसलाई अझै प्रवर्द्धन गर्न भने बाँकी नै छ ।

नयाँ संविधान, सैीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षतासहितका व्यवस्थाहरू प्रतिक्रियावादी र यथास्थितिवादीहरूका चिन्ताका विषय हिजो थिए, आज छन् र भोलि पनि रहनेछन् । ती तत्वहरू यो परिवर्तन र व्यवस्थालाई नै उल्टाउन कम्मर कसेरै लागेका छन् । यी चुनौतीहरूको सामना गर्दै परिवर्तनका उपलब्धिहरू जोगाउने आजको प्रमुख चुनौती हो । विभिन्न समूहको चासोलाई सम्बोधन गर्न संविधानका संशोधन गर्ने विषयमा पनि चलेको बहस सकारात्मक निष्कर्षमा पुर्‍याउने अर्को चुनौती हो ।

राष्ट्रिय एकता र राजनीतिक स्थायित्व समृद्धि र विकासको आवश्यकताको सम्बोधन आजको खाँचोको विषय हो । रोजगारी सिर्जना, पूर्वाधार विकास र गरिबी न्यूनीकरणलगायतका आर्थिक चुनौतीहरूको सामना समस्या अवश्य हुन् तर सोको समाधानको पनि यो संविधानले 'रोडम्याप' प्रदान गर्दछ, तर यी लक्ष्यहरू प्राप्त गर्न दिगो प्रयास र प्रभावकारी शासन आवश्यक छ ।

**निष्कर्ष**

नेपालले आफ्नो आठौँ संविधान दिवस मनाउँदै गर्दा यो देशलाई यस विन्दुमा ल्याएको र ाजनीतिक विकासको यात्रालाई प्रतिविम्बित गर्ने यसका लागि योगदान गर्नेहरूप्रति कृतज्ञ हुने समय हो । संविधानले न्यायपूर्ण, समावेशी र समृद्ध समाजका लागि नेपाली जनताको सामूहिक आकांक्षाको प्रतिनिधित्व गरेको छ । तिनको प्रवर्द्धनको योजना बनाउने अवसर पनि हो ।

विविध चुनौतीहरूका बाबजुद संविधानले आशा जगाएको छ । त्याग समर्पण र सहकार्यले नेपालले यी चुनौतीहरूलाई पार गर्दै उज्ज्वल भविष्यतर्फ यात्रा जारी राख्न प्रेरणादायी दस्तावेज बनेको छ । यस संविधान दिवसका अवसरमा, हाम्रा प्रगतिमा उत्सव मनाऔं, अगाडिका चुनौतीहरूलाई स्वीकार गरौं गणतान्त्रिकरण, सैीयकरण र समावेशीकरणको भावी यात्राका लागि प्रतिबद्धता व्यक्त गरौं ।

*(साभार: रातोपाटी)*

# 'राजागन्ज' भ्याएलगत्तै 'रावायण'मा जोडिइन् निकिता



काठमाडौं/विराज भट्ट निर्देशित फिल्म 'साङ्लो'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी सन् २०१७ की मिस नेपाल निकिता चाण्डकले अघिल्लो महिना फिल्म 'राजागन्ज'को छायांकन भ्याएकी थिइन् । अब उनी अर्को फिल्ममा जोडिएकी छन् । सुदर्शन थापाको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'रावायण'मा उनी विशेष भूमिकामा अनुबन्ध भएकी छन् । अभिनयको हिसाबले यो उनको तेस्रो फिल्म हुनेछ ।

रोचक कुरा के छ भने निकिताले 'मिस नेपाल'को उपाधि जित्दा सोही प्लेटफर्मबाट 'मिस नेपाल इन्टरनेशनल' घोषित भएकी नीति शाहको पनि फिल्ममा अभिनय रहनेछ । साथै, फिल्ममा अनमोल केसी, शिल्पा मास्के, प्रमोद अग्रहरी, कामेश्वर चौरासियाको पनि प्रमुख भूमिका रहनेछ । यही असोज १२ गतेदेखि छायांकन सुरु हुन लागेको फिल्ममा अनमोल दोहोरो भूमिकामा प्रस्तुत हुनेछन् ।

सुदर्शन थापा प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको यो फिल्मको कथा, पटकथा तथा संवाद शिवम् अधिकारीको हो । सुप्रिया कटुवाल निर्माता रहेको फिल्मलाई 'लार्ज स्केल'मा निर्माण गर्ने तयारी गरिएको छ । पहिला 'रावायण' शीर्षकमा पूजा शर्माले फिल्म बनाउन लागेकी थिइन् । तर, विभिन्न कारणले उनी फिल्म निर्माणबाट पछाडि हटेपछि निर्देशक थापाले सबै स्वामित्व लिएका हुन् ।

# 'मायावी'मा भिलेन बन्दैछन् प्रशान्त ?

काठमाडौं/भिलेनको परम्परागत परिभाषा बदल्ने अभिनेताको रुपमा चिनिन्छन्, प्रशान्त ताम्राकार । आकर्षक रुपरंग, सुगठित शरीर र अग्लो कद भएपछि हिरोमै स्थापित हुने इच्छा धेरैको हुन्छ ।

तर, प्रशान्तले यो गुण हुँदा-हुँदै पनि भिलेनमा आफूलाई स्थापित गरे । यसैले उनलाई 'ह्यान्डसम भिलेन' समेत भन्ने गरिएको छ । फिल्म 'ऐश्वर्या'मा उनले निर्वाह गरेको भूमिका सम्झनलायक मानिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# साहित्य सङ्गम मकवानपुरलाई देशविदेशबाट सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ बिगतको समय साहित्य सङ्गम मकवानपुरले नियमित सन्ध्या सञ्चालन, एकल तथा संयुक्त वाचन, पुस्तक विमर्शलगायत कार्यका लागि सँधै दाताकै हात थापिरहनु परेको थियो । तर, पछिल्लो समयमा सङ्गमका अग्रीम तोकिएका यस्ता कार्य सञ्चालनका लागि अक्षयकोष स्थापना गरेर त्यसको प्राप्त व्याजबाट सञ्चालन गर्न सकिने सम्भावना हुँदै गएको छ ।

कार्यसमितिका सदस्यहरु एकस्वरमा यो कार्य बर्तमान अध्यक्षको प्रयासले अघि बढिरहेको बताएका छन् । हेटौंडाबाट आइरहेको सहयोग जिल्ला बाहिर, नेपालका विभिन्न साहित्य सर्जक र साहित्यलाई माया गर्नेहरुको नजरमा परिसकेको अध्यक्ष डीबी बर्तौलाले बताए । हालसालै नयाँ कार्यसमिति चयन भएपछि अध्यक्ष बर्तौलाको नेतृत्वमा संस्थाको नियमित कार्यक्रमको दिगोपनाका लागि विभिन्न व्यक्तिबाट चासो र सक्रियतापूर्वक आर्थिक सहयोग प्राप्त हुने क्रम वृद्धि भइरहेको छ ।

अध्यक्ष बर्तौला, उपाध्यक्ष सानु खनाल, सचिव मनोज पोखरेलबाट ५/५ हजार गरी १५ हजार र सदस्य कुबेर पराजुलीबाट २ हजार रुपैयाँबाट सुरु भएको अभियानमा गैंडाकोट, नवलपुर स्थायीबासी हाल अष्ट्रेलिया निवासी नवराज भट्टराईले ५ हजार रुपैयाँ र दीपेन्द्र यादवले जन्मदिनको अवसरमा ५ हजार रुपैयाँ सहयोग गरेका छन् । हेटौंडा-९ निवासी व्यसायी नरेन्द्र भण्डारीले ५ हजार रुपैयाँ, हेटौंडा-४ निवासी स्वास्थ्यकर्मी निर्मला भ्लोनबाट ३ हजार रुपैयाँ प्राप्त भएको छ ।

हेटौंडा-१ का लेखा परीक्षण व्यवसायी तथा पूर्वशिक्षक रामकुमार बर्तौलाले १५ हजार र राजकुमार तिमल्सिनाले ५ हजार आर्थिक सहयोग प्रदान गरेका छन् । भाद्र ३१ गते हेटौंडा-५ निवासी रजनी पौडेलले छोरा रिदम घिमिरेको जन्म दिनको अवसरमा ३ हजार रुपैयाँ, मातृभूमि साहित्य समाजका महासचिव हेटौंडा-४ का हेमन्त ढुङ्गेलले छोरी सँस्कृति ढुङ्गेलको जन्मदिनको अवसरमा २ हजार ५ सय, साइराम साकोसका व्यवस्थापक हेटौंडा-५ का राजकुमार तिमल्सिनाले ५ हजार रुपैयाँ उपलब्ध गराएका छन् ।

असोज १ गते नेपाल सरकारका अधिकृत ठाकुरराम भण्डारीले छोरी सर्जु भण्डारीको उज्ज्वल साहित्यिक जीवनको कामनामा ५ हजार ५५ रुपैयाँ, बालजागृति सेकेण्डरी इङ्लिस बोर्डिङ स्कुलका प्रिन्सिपल विनोद सुवेदीले १० हजार रुपैयाँ सहयोग गरेका छन् । हेटौंडा निवासी शिवहरि प्याकुरेलले २१ हजार रुपैयाँ सहयोग गरेका छन् । काठमाडौं निवासी मुक्तक मञ्च काठमाडौंका अध्यक्ष तथा मुक्तककार राजेन्द्र घिमिरेले साहित्यिक उन्नयनका लागि ५ हजार रुपैयाँ सहयोग गरेका छन् । कृष्ण पौडेलबाट ३ हजार रुपैयाँ र हेटौंडा-१३ पदमपोखरी निवासी शिक्षक केशव न्यौपानेले श्रीमती रमा न्यौपानेको जन्मदिनमा ५ हजार रुपैयाँ सहयोग गरेका छन् ।

अन्य सहयोगी दाताहरुमा केशव न्यौपानेले ३ हजार, नारायण बर्तौलाले ३ हजार, केशव सञ्जेलले २ हजार र जनप्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले ५ हजार ५ सय ५५ रुपैयाँ आर्थिक सहयोग गरे । साहित्यकार झम्क तिमल्सिनाले ७ हजार ५ सय सहयोग गरेका छन् । आधुनिक राष्ट्रिय माविका शिक्षक कृष्णगोपाल श्रेष्ठको जन्मदिनको अवसरमा ५ हजार, काठमाडौं निवासी साहित्य सर्जक, समालोचक महेश पौड्यालले ५ हजार, साहित्य सङ्गमको पूर्वउपाध्यक्ष ईन्द्रजीत शर्मा चौलागाईले १० हजार, धरान निवासी कवि चन्द्र गुरुङले ५ हजार आर्थिक सहयोग गरेका छन् ।

सङ्गमका अध्यक्ष बर्तौलाले संकलित रकमलाई अक्षयकोषमा जम्मा गराई सोबाट प्राप्त व्याजमार्फत् संस्थाको साहित्य सन्ध्या, पुस्तक विमर्श, रचनावाचन जस्ता नियमित कार्यक्रम तथा आन्तरिक खर्च व्यवस्थापनमा सघाउ पुग्ने र यसबाट साहित्यिक उन्नयनमा सहयोग पुग्ने बताए । केही सर्जक तथा साहित्यसेवीले नाम उल्लेख नगर्नेगरी सहयोग गरेका छन् । संस्थाले आफ्नो वार्षिक स्मारिकामा सोबारे उल्लेख गर्ने र हाल सर्जकले नै सञ्जालमा उल्लेख नगर्नु भनेकाले नगरिएको भन्दै उनले संस्थाका आम्दानी, खर्चका एकएक हिसाव पार्दर्शी गर्ने गराउने वाचा गरे ।

सहयोगीहरुले आफूलाई ईच्छा लागेको रकम कृषि विकास बैंक हेटौंडामा रहेको साहित्य सङ्गमको ०५-०८५-००२७३७९३-०१-१ र महालक्ष्मी विकास बैंक हेटौंडाको ०५९००१००३२७६३००००००८ खातामा सहयोग रकम जम्मा गर्न सकिने कोषाध्यक्ष मेनु तिमल्सिनाले बताइन् । सङ्गमको नियमित कार्यक्रममा, खानेपानी, बिजुली, सर सफाइलगायतका खर्च व्यवस्थापनका लागि अक्षयकोषमा रकम जम्मा गरी सोबाट प्राप्त व्याज रकमले व्यवस्थापनमा सघाउ पुग्ने उपाध्यक्ष सानु खनालले बताए । उनले सहयोगी दातासँग निरन्तर सम्पर्कमा रही आर्थिक स्रोत जुटाउने कार्यमा धेरैको सहयोग मिलिरहेकोले यो अभियानले सार्थकता प्राप्त गर्ने जानकारी दिए ।



डेंगु संक्रमणका कारण उपचारका क्रममा एक महिनाअघि हेटौंडा-१२ स्थित पदमपोखरीका राजेश प्रधानको मृत्यु भएको थियो । गतसाता हेटौंडाको सञ्चो अस्पतालका चिकित्सकमाथि हातपातको अभियोगमा प्रहरीले ४ जनालाई पक्राउ गरेपछि न्याय माग्दै स्थानीयले मंगलबार हेटौंडामा निकालेको र्‍याली । बुद्धचोकमा भेला भएर पदमपोदरीबासीको र्‍याली जिल्ला प्रशासन कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाएको छ । *तस्बिरः साझाकुरा ।*

# एमाले प्रदेश अधिबेशनको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/नेकपा एमालेको बागमती प्रदेश अधिवेशनका लागि प्रतिनिधि छनोटको काम करिब सकिएको बताइएको छ । यही असोज ८ र ९ गते हुने अधिवेशनका लागि १३ वटै जिल्लाले प्रतिनिधि छनोटको काम सकेर प्रदेशमा पठाएको एमालेले जनाएको छ ।

एमाले बागमती प्रदेश अध्यक्ष केशवराज पाण्डेले एकाध बाहेक सबै जिल्लाको प्रतिनिधि छनोटको काम सकिएको बताएका हुन् । पाण्डेका अनुसार ललितपुर महानगर र भक्तपुरको एक स्थानीय तहबाट प्रतिनिधि छनोट हुन बाँकी छ । 'यी तहमा बुधवार प्रतिनिधि छनोट भइसक्छ', पाण्डेको भनाइ छ ।

एमाले प्रदेश कमिटीका अनुसार अधिवेशनमा सबैभन्दा बढी प्रतिनिधि काठमाडौंका हुनेछन् । यो जिल्लाबाट १३२ जना प्रतिनिधि छनोट भइसकेका छन् । त्यस्तै काठमाडौंपछि काभ्रेबाट १२५ र तेस्रोमा मकवानपुरबाट १०६ जना प्रतिनिधि छनोट भइसकेका छन् । त्यसैगरी धादिङबाट ८७, दोलखा ६५, रसुवा २७, सिन्धुपाल्चोक ६४, रामेछाप ८१, नुवाकोट ६४, ललितपुर ५०, भक्तपुर ६६, सिन्धुली ६६ र चितवनबाट ८५ जना प्रतिनिधि छनोट भएका छन् । यो संख्या जोड्दा एकहजार ११३ जना हुन आउँछ । जनसंगठबाट ९५ जना प्रतिनिधि थपिनेछन् । यो संख्या जोड्दा १२ सय ८ पुग्छ ।

८० प्रतिशत प्रतिनिधि सर्वसम्मत छनोट भएको पाण्डेले जानकारी दिए । यसबाहेक प्रदेश कमिटीबाट ५ प्रतिशत मनोनीत हुनेछन् । यो समेत जोड्दा एमाले बागमती प्रदेशमा प्रतिनिधिको संख्या १२ सय ५० हाराहारी पुग्ने एमाले प्रदेश कमिटीका उपसचिव महेश वर्तौलाले जानकारी दिएका छन् । काठमाडौंको भृकुटीमण्डपमा हुने अधिवेशनको अध्यक्ष केपी शर्माओलीले उद्घाटन गर्दैछन् । प्रदेश कमिटीको अध्यक्षका लागि चार जना प्रतिस्पर्धामा उत्रने तयारीमा छन् । बहालवाला प्रदेश अध्यक्ष केशवराज पाण्डे, केन्द्रीय सदस्यद्वय कैलाश ढुंगेल र कृष्ण दाहाल तथा बागमतीका पूर्वसभामुख सानु श्रेष्ठ नेतृत्वको लिने आकांक्षा देखाएका छन् ।

बागमती प्रदेशमा एमालेका एक लाख नौ हजार संगठित सदस्य रहेका छन् । तीमध्येबाट साढे १२ सयको हाराहारी प्रतिनिधि छनोट भएका हुन् । एमालेले १२५ संगठित सदस्यमध्ये एकजना प्रतिनिधि छनोट हुने व्यवस्था गरेको छ । तर, दलितको हकमा ५० संगठित सदस्य बराबर एकजना प्रतिनिधि छानिएका छन् । २२ जनसंगठन रहेकामा एक जनसंगठन बराबर २ र तीन जना छनोट हुने व्यवस्था गरेको छ । ११ वटा प्रत्येक विभागबाट एकजना प्रतिनिधि छनोट गरिएको एमालेले जनाएको छ ।

# किसान महासंघले रोप्यो हरेलो



साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ अखिल नेपाल किसान महासंघको आयोजनामा हरितालिका तीज चौथीको दिन हरेलो रोप्ने कार्य भएको छ ।

हेटौंडा-१७ लक्ष्मीपुरमा लक्ष्मण खुलालको खेतमा हरेलो रोपिएको हो । हरेलोको रुपमा भलायोको हाँगा खेतको बीचमा रोपेर, हाँडी झुड्याउने र हाँडीमा भुस हाल्ने, भुसमा आगो लगाएर धुँवा उडाउने र हरेलोको वरिपरि मास छर्दा धानमा लाग्न सक्ने विभिन्न रोगकीरा नलाग्ने, धानलाई मुसा, कीराबाट बचाउने पौराणिक मान्यता रहेको स्थानीय किसान भैरव राईले बताए ।

यो परम्परा राई समुदायबाट सुरु भएको र पछि अन्य समुदायले पनि हरेलो रोप्ने गरेको राईले बताए । अर्का स्थानीय किसान कुवेरप्रसाद खतिवडाले २०५८ सालसम्म आफैंले रोपेको र बिस्तारै यो परम्परा हराउँदै गएको बताए । उनले खेतको मूल फाँटमा हरेलो रोपेर पूजा गर्ने परम्परा रहेको बताए । नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले यस्ता परम्परागत मान्यताहरु साँस्कृतिक रुपमा मात्र होईन बैज्ञानिक मान्यता रहेकोले साँस्कृतिको संरक्षण गर्दै यसबारे थप खोज अनुसन्धान हुनुपर्नेमा जोड दिए ।

अखिल नेपाल किसान महासंघका बाग्मती प्रदेश कमिटीका अध्यक्ष एकराज उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका प्रदेश कमिटी सदस्य कमल विष्ट, जिल्ला सचिव नवीन सिग्देल, जिल्ला सदस्य कृष्ण राई, पार्टी वडाअध्यक्ष लक्ष्मण खुलाल, क्यूपेक नेपालका जिल्ला अध्यक्ष प्रल्हाद राईलगायतको उपस्थिति रहेको थियो ।

# तीजलाई भड्किलो नबनाउँ

साझाकुरा संवाददाता



हेटौंडा, २ असोज/ बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले तीजलाइ भड्किलो बनाउन नहुने बताएकी छन् ।

नेपाली हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा हेटौंडा एफएम, नेशनल गोल्ड टेलिभिजन र बागमती खबर डटकमले संयुक्तरुपमा सोमबार आयोजना गरेको कार्यक्रममा उनले संस्कृतिको जगेर्ना सबैले गर्नुपर्ने बताइन् । तर, संस्कृतिको जगेर्ना गर्ने नाममा चाडपर्वलाई भड्किलो र खर्चिलो बनाउन नहुने उनको भनाई थियो ।

मन्त्री मोक्तानले अरुको लागि ब्रत बस्ने नाममा पानीसमेत नखाँदा स्वास्थ्यलाई असर पर्ने भन्दै आफ्नो स्वास्थ्यको ख्याल गरेर ब्रत बस्न आग्रह गरिन् । यस्तै हेटौंडा एफएमका प्रबन्ध निर्देशक उज्ज्वल चौलागाईले हरितालिका तीजको अवसरमा खुल्ला तीजगीत प्रतियोगिता गरी एफएमले लगातार १५ वर्षदेखि प्रतिभाको सम्मान गरिरहेको बताए । महिलाहरुको लुकेरको प्रतिभा उजागर गर्ने तथा मौलिकता र परम्परा जगेर्ना गर्ने उदेश्यले कार्यक्रम गरिएको चौलागाईले बताए ।

यसैबीच, हेटौंडा-४ स्थित पशुपति मन्दिर परिसरमा भएको तीजगीत महोत्सव तथा तीजगीत प्रतियोगितामा सानोपोखरा समूह प्रथम, हजुरआमा सेवा समूह द्वितीय र दियालोदमार समूह तृतीय भएका छन् । यस्तै कालिकामाई समूह र सामना समूह सान्त्वना भएका छन् । प्रथम हुने समूहलाई नगद १५ हजार, द्वितीय हुने समूहलाई नगद १० हजार र तृतीय हुने समूहलाई नगद ५ हजार प्रदान गरिएको आयोजकले जनाएको छ । यस्तै उत्कृष्ट नृत्य गर्ने हेटौंडा-७ की श्रद्धा लामिछानेलाई चाँदीको पाउजु उपहार प्रदान गरिएको छ । प्रतियोगितामा वरिष्ठ संगीतकार राजु लामा निर्णायक रहेका थिए ।

पूर्ण शाक्य एण्ड सन्स सुनचाँदी पसलको मुख्य प्रायोजन तथा हेटौंडा उपमहानगरपालिका, हेटौंडा-४ नम्बर वडा र शिवम् सिमेन्टको सहप्रायोजनमा कार्यक्रम भएको हो । एसएम सप्लायर्स, खतिवडा इम्पोरियम्, लामिछाने इन्टर प्राइजेज, उत्सव सप्लायर्स हेटौंडा, अनमोल स्विट्स हेटौंडा, वृन्दावन मिष्ठान्न भण्डार, लक्ष्मी कृषिअटो वर्कसप र अमृत जलले कार्यक्रम प्रायोजन गरका थिए । कार्यक्रममा सहभागी महिलाका लागि डेलिसा सप्लायर्स तथा डेलिसा मेडिसिन डिस्ट्रिव्युटर्सले ५ सय पिस स्यानेटरी प्याड वितरण गरेको थियो ।

तीजगीत महोत्सवमा ख्यातीप्राप्त राष्ट्रिय कलाकारहरु लोकगायिका बिन्दु परियार, मिनाश्री लुङ्गेली, लोक गायक नवीन पौडेल, प्रेम बैठा, भ्वाइस अफ किड्स विजेता जेनिश उप्रेती, हेटौंडा आइडल विजेता दिपेश श्रेष्ठ, डान्सिङ स्टार हेटौंडा विजेता रितु श्रेष्ठ, हास्य कलाकार (जादुगर) राजेन्द्र गिरी (गुन्द्रुके) को बेजोड प्रस्तुती रहेको थियो । कार्यक्रममा नेपालकै दोस्रो होचा व्यक्ति २१ वर्षका मनोज गोर्खाली मुख्य आकर्षण बनेका थिए ।

हेटौंडा एफएमका अध्यक्ष गणेश भेटवालको अध्यक्षता भएको कार्यक्रममा बागमती प्रदेश सांसद एकालाल श्रेष्ठ, अनेम संघ मकवानपुर अध्यक्ष सुमित्रा काफ्ले, बागमती प्रदेश युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, नेपाली कांग्रेस मकवानपुरकी सहसचिव इन्दिरा न्यौपाने, नेकपा एकिकृत माओवादी मकवानपुर महिला विभागप्रमुख लक्ष्मी पाखिन, रास्वपा मकवानपुर सदस्य सन्तोषी वर्तौला, हेटौंडा उपमहानगरपालिका प्रतिनिधि, हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, हेटौंडा-११ की वडाध्यक्ष जुना दाहाल, गैसस महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठक, मकवानपुर अध्यक्ष रमिला सापकोटा, युवा व्यवसायी प्रतिमा श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

# संविधान दिवसको अवसरमा रक्तदान

साझाकुरा संवाददाता



हेटौंडा, २ असोज/ बागमती प्रदेशको राजधानी हेटौंडामा संविधान दिवस-२०८० को अवसरमा रक्तदान र मधुमेह तथा रक्तचापको निःशुल्क स्वास्थ्यपरीक्षण भएको छ ।

मंगलबार बिहान प्रदेशको स्वास्थ्य मन्त्रालयको आयोजनामा बुद्धचोकमा भएको कार्यक्रममा ३८ जनाले रक्तदान गरेका छन् । एक सय ८१ जनाले मधुमेह तथा रक्तचाप परीक्षण गराएका छन् । प्रदेशका स्वास्थ्य मन्त्री उत्तम जोशीको अध्यक्षमा भएको कार्यक्रममा प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्कालगायत मन्त्रालयका महाशाखाका प्रमुखहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा मन्त्री दुलालले रक्तदान गरेका थिए । स्वास्थ्य मन्त्रलयको आयोजनामा भएको कार्यक्रममा स्वास्थ्य कार्यालय मकवानपुर, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार केन्द्र हेटौंडाले प्राविधिक सहयोग गरेको थियो ।

# बज्राचार्य स्मृति भलिबल २४ असोजदेखि



साझाकुरा संवाददाता

हेटौंडा, २ असोज/ असोज २४ गतेदेखि हेटौंडामा जिल्लास्तरीय भलिवल प्रतियोगिता हुने भएको छ । जेसीआई बसामाडीको आयोजनामा आगमी असोज २४ गतेदेखि २७ गतेसम्म प्रतियोगिता आयोजना हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै जेसीआई बसामाडीका अध्यक्ष जनक भण्डारीले २० वर्षदेखि लगातारुपमा भइरहेको स्वर्गीय लक्ष्मीमाया बज्राचार्य स्मृति जिल्ला स्तरीय भलिवल प्रतियोगिताले यो वर्षपनि निरन्तरता पाउन लागेको बताए । जिल्लाको करिब १२ देखि १५ वटा टिमको सहभागिता रहने प्रतियोगिताको प्रथम हुने टिमले नगद ६० हजार सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्दा उपविजेता टिमले नगद ३० हजार सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने उनको भनाई रहेको छ ।

# थाहा-४ मा घरैमा पुगेर नागरिकता सिफारिस

साझाकुरा संवाददाता



हेटौंडा, २ असोज/ मकवानपुर थाहा नगरपालिका-४ को कार्यालयले दुई जना अपाङ्गता भएका व्यक्तिको घरैमा पुगेर नागरिकताका लागि सिफारिस गरेको छ । वडाको सेवालाई नागरिकको अवस्थालाई हेरेर घरैमा पुगेर सिफारिस गरिएको वडाध्यक्ष नारायण लामाले बताए ।

थाहा-४ नम्बर वडाको किटेनीका रामचन्द्र अधिकारीका पूर्ण अपाङ्गता भएका २० वर्षीय छोरा प्रज्ज्वल अधिकारी र सोही स्थानका सानीकान्छी घलेका छोरा ३२ वर्षीय ओमबहादुर घलेको नागरिकताका लागि घरमै पुगेर सिफारिस गरेको हो । उनीहरु दुबैको वडा कार्यालय आफैंले जिल्ला प्रशासन कार्यालय मकवापुरमा लगेर नागरिकता दिलाउने वडाध्यक्ष नारायण लामाले बताए ।

वडाअध्यक्ष लामाका अनुसार 'अपाङ्गता भएका दुबै जनालाई वडासम्म ल्याएर सिफारिस दिलाउन गाह्रो भएकोले उमेर पुग्दा पनि नागरिकता बनाउन नसकिएको हो ।' नागरिकता बनाएपछि सरकारबाट पाउने सेवासुविधाका लागि थप सहज हुने भएकोले यससम्बन्धी प्रक्रिया अघि बढाइएको हो । वडा कार्यालयले गरेको सहयोगको प्रशंसा गर्दै प्रज्ज्वलका बाबु रामचन्द्रले वडा कार्यालयले अभिभावककै भूमिकामा रहेर सहयोग गरेको बताए । उनले भने-'अब छोराले नागरिकताकै कारण पाउने सुविधाबाट वञ्चित हुँदैन ।' २० वर्षीय प्रज्वल जन्मेको केही महिनामा नै शरीरको कुनै अङ्ग नचल्ने भएको थियो भने ओमबहादुर मानसिक अपाङ्गता छन् ।

# ८ दिनमा तेस्रो पटक बढाइयो ब्रोइलर कुखुराको मूल्य

काठमाडौ, २ असोजं/ बुधबारदेखि लागू हुनेगरी जिउँदो ब्रोइलर कुखुराको मूल्य पुनः बढाइएको छ । राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघको मंगलबारको बैठकले जिउँदो ब्रोइलर कुखुराको बिक्री मूल्य बढाउने निर्णय गरेको हो ।

संघका सचिव देव गिरीका अनुसार जिउँदो ब्रोइलरको कोल्ड स्टोर खरिद मूल्य किलोमा १० रुपैयाँले बढाउने निर्णय भएको छ । नयाँ निर्णयअनुसार अब जिउँदो ब्रोइलर कुखुराको बिक्री मूल्य २८० रुपैयाँ पुगेको छ । पछिल्लो ८ दिनमा यो मूल्य वृद्धि तेस्रो पटक हो ।

२५ भदौमा संघले कुखराको प्रतिककेजी मूल्य २५० रुपैयाँबाट बढाएर २६० रुपैयाँ पुऱ्याएको थियो । त्यस लगत्तै २७ भदौमा पुनः किलोमा १० रुपैयाँले बढाएर ब्रोइलरको कोल्ड स्टोर मूल्य २७० रुपैयाँ पुऱ्याइएको थियो ।

पछिल्लो पटक मूल्यवृद्धि भएको ६ दिनपछि संघले पुनः ब्रोइलरको मूल्य १० रुपैयाँ बढाएको हो । व्यवसायीहरुकाअनुसार जिउँदो कुखुराको कोल्ड स्टोर मूल्य किलोमा १० रुपैयाँले बढ्दा तयारी मासुको मूल्य किलोमा १५ रुपैयाँले बढ्छ ।

२७ भदौको मूल्य वृद्धिपछि बजारमा तयारी ब्रोइलर कुखुराको मासुको मूल्य ३९० रुपैयाँदेखि ४१५ रुपैयाँसम्म पुगेको राष्ट्रिय मासु व्यवसायी संघले जनाएको छ ।

मंगलबारको जिउँदो ब्रोइलरको मूल्य वृद्धिको असर पनि अब तयारी मासुको मूल्यमा देखिने संघको भनाइ छ ।

## सच्याइएको सूचना

यस साझाकुरा राष्ट्रिय दैनिक पत्रिकाको अंक २८ (मिति २०८० भदौ १० गते आइतबार) चौथो पृष्ठमा प्रकाशित *कागजपत्र हराएको सूचना*मा नाम **रबिर बिक्रम राणा** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## १३ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस सहकारी संस्था लि. को १३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा समयमा नै अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य ज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

मितिः- २०८० असोज १३ गते शनिवार
समयः- मध्यान्ह १२:०० बजे
स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना